# रातो खबर

Ratokhabar weekly

साप्ताहिक

वर्ष ४, अङ्क ३४, पूर्णाङ्क १८० | २०७५ फागुन ८ गते बुधबार | Wednesday, 20 Feb 2019 | www.eratokhabar.com | मूल्य रु. १०


## नक्कली आईडी प्रयोग गर्नेमाथि खेद र भर्त्सना

■ **रातो खबर संवाददाता**/काठमाडौं

रातो खबर प्रकाशनगृह प्रालिले आफ्ना प्रकाशन 'रातो खबर साप्ताहिक र अनलाइन' नामको दुरुपयोग हुने गरेको पाइएको भन्दै उक्त कार्यप्रति आपत्ति प्रकट गर्दै नक्कली परिचयपत्र प्रयोग गर्नेमाथि खेद र भर्त्सना गरेको छ।

रातो खबर प्रकाशनगृहको कार्यालय बागबजारमा शुक्रबार बसेको बैठकले रातो खबरसँग मिल्ने खालका गलत आईडी प्रयोग गरिएको पाइएको भन्दै यस्तो हर्कत नगर्न सम्बन्धित व्यक्ति/समूहलाई आग्रह गरेको छ। केही समय पहिलेदेखि रातो खबर साप्ताहिकको फेसबुक पेजसँग मिल्दोजुल्दो नक्कली फेस बुक ठेगाना प्रगोग गरेर दुरुपयोग

बाँकी पृष्ठ ७ मा

# देशविदेशमा जनयुद्ध दिवस मनाइयो !

■ **अशोक सुवेदी/अम्बिका चन्द**
**(देशविदेशका संवाददाताहरूको सहयोगमा)**

नेपाल कम्युनिस्ट पार्टीले स्थायी समितिले गरेको निर्णयबमोजिम देशैभर जनप्रदर्शन, जनसभा र उत्सवहरू गर्दै २४ औं जनयुद्ध दिवस मनाएको छ। नेकपाका विदेशस्थित सङ्गठनहरूले पनि जनयुद्ध दिवस मनाएका छन्। २०५२ साल फागुन १ गते 'नयाँ जनवादी राज्यसत्ता स्थापना गर्न जनयुद्धको बाटोमा अघि बढौं !' भन्ने नाराका साथ जनयुद्धको सुरुआत भएको थियो। त्यही दिनको स्मरण गर्दै मार्क्सवाद–लेनिनवाद–माओवादलाई मार्गनिर्देशक सिद्धान्त मान्ने पार्टीहरूले नेपालमा जनयुद्ध दिवस विभिन्न कार्यक्रम गरी मनाउने गरेका छन्।

बीसौं शताब्दीको निष्कर्ष उत्तरार्द्धबाट सुरु भएको जनयुद्ध एक्काईसौं शताब्दीको सबैभन्दा प्रभावकारी क्रान्तिकारी युद्धका रूपमा विश्वविख्यात भएको थियो। नेपालको ८० प्रतिशत भूभागमा जनसत्ताको स्थापना गरिसकेको, अपराजित जनमुक्ति सेनाको आक्रमणले पुरानो सत्तालाई थिलथिलो पार्दै जरादेखि नै उखेल्दै गरेको अवस्थामा प्रचण्ड–बाबुराममा आएको वैचारिक विचलन र राजनीतिक लम्पसारवादका कारण विजयउन्मुख जनयुद्धको निरन्तरतामा अवरोध आएको थियो।

उनीहरूले लगाएको अवरोधलाई हटाएर विप्लवले नेतृत्व गरेको नेकपाले एकीकृत जनक्रान्तिको कार्यदिशामा जनयुद्धलाई निरन्तरता दिएको भन्दै आएको छ। त्यसैले उक्त पार्टीले विगतमा जस्तै यस वर्ष पनि नेपालको राजधानीलगायत मुख्य सहरहरू र विदेशमा जनसभा र गोष्ठी गरेर जनयुद्ध दिवस मनाएको छ। बुटवल, पोखरा,



कैलालीलगायत मुख्य सहरहरूमा हजारौंको सङ्ख्यामा जुलुस र सभा गरेको समाचार प्राप्त भएको छ।

## नेकपाले सहिद सप्ताह मनाउने

यसैगरी यही फागुन १४ गते जनयुद्धका पहिलो सहिद दिलबहादुर रम्तेलले सहादत प्राप्त गरेको दिनदेखि सुखानीमा २०२९ साल फागुन २१ गते सहिद भएका रामनाथ दाहाल, नेत्र घिमिरे, कृष्ण कुइँकेल, नारायण श्रेष्ठ र वीरेन राजवंशीसम्मका सहिदहरूको सम्झना गर्दै सहिद सप्ताह मनाउँदै आएको छ। उक्त एक साता सबै सहिद परिवार र बेपत्ता योद्धा परिवारलाई सम्मान गर्ने कार्यक्रम राखिएको नेकपाले जनाएको छ। यसैगरी जनयुद्ध दिवस पारेर गोपाल किराँतीको नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) ले आठौं राष्ट्रिय महाधिवेशन गरेको छ। उक्त महाधिवेशन उद्घाटनसत्रमा नेकपाका केन्द्रीय सदस्य गुणराज लोहनी, नेकपा (माले) का महासचिव सीपी मैनाली, नेकपा (क्रान्तिकारी माओवादी) का स्थायी समिति सदस्य सीताराम तामाङ र नेकपाका अध्यक्ष ऋषि कट्टेलले शुभकामना मन्तव्य दिएका थिए।

**जनयुद्ध दिवसमा प्रचण्डले जस्तो धोका नदिने प्रतिबद्धता**

**कालीकोट** : नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य नवीन विश्वकर्माले प्रचण्डले धोका दिएजस्तै आफ्नो पार्टीले जनतालाई कहिल्यै धोका नदिने बताएका छन्। जनयुद्ध दिवसको २४

बाँकी पृष्ठ ३ मा

## नेकपाले बनाइदियो एकल–अपाङ्ग महिलाको घर



■ **रातो खबर संवाददाता**/बर्दिया

नेपाल कम्युनिस्ट पार्टी, अखिल क्रान्तिकारी र युवा सङ्गठनले बर्दियाकी एक अपाङ्ग, एकल विपन्न महिला रामकली कामीको घर निर्माण गरिदिएका छन्। बासगढी नगरपालिका ३ भगरामा बस्दै आएकी अपाङ्ग, गरिब एकल महिला रामकलीको घर निर्माणका लागि विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी बर्दियाको पहलमा अखिल (क्रान्तिकारी) बर्दियाका नेता-कार्यकर्ता र पुष्प युवा गाउँ जागरण केन्द्रले सहयोग गरेका हुन्। ओत लाग्ने राम्रो ठाउँ नहुँदा उनलाई निकै समस्या परेको थियो। बेसहारा, अपाङ्ग, एकल तथा गरिब महिला रामकलीको कमजोर अवस्था देखेर घर निर्माणमा सहयोग गरेको जानकारी अखिल (क्रान्तिकारी) बर्दियाका अध्यक्ष लोकेश जोशीले दिए।

# जनकपुरमा अभियानको आवधिक समीक्षा सम्पन्न

■ **रातो खबर संवाददाता**/जनकपुर

ने.क.पा. द्वारा माघ १ गतेदेखि देशव्यापी सञ्चालित सङ्गठन सुदृढीकरण तथा विस्तार अभियान ३ जनकपुर ब्युरोको एकमहिने आवधिक सिंहावलोकन (समीक्षा कार्यक्रमं सम्पन्न भएको छ। फागुन ३ गते थुम्को गाउँ नजिक भएको उक्त कार्यक्रमका प्रमुख अतिथि पार्टीका पूर्वी कमान्ड इन्चार्ज अनिल विरही थिए। कार्यक्रममा कार्यकर्ताले उठाएका प्रश्न र जिज्ञासाको जबाफ दिँदै विरहीले क्रान्तिकारी आन्दोलनको समान विकास गर्न र पूर्वमा दक्षिणपन्थी संशोधनवादलाई परास्त गर्न शक्ति केन्द्रीकरण गरिरहेकाले पूर्वी क्षेत्रका नेता-कार्यकर्ताको दायित्व थपिएको र ऐतिहासिक अवसर पनि प्राप्त भएको' बताए।



उक्त कार्यक्रममा अभियानकी कमान्डर तथा पीबीएम उमा भुजेल शिलु ले वैज्ञानिक समाजवादी क्रान्तिका लागि वस्तुगत अवस्था परिपक्व बन्दै गएका कारण आत्मगत अवस्था अनुकूल बनाउन अभियान सुरु गरिएको, सिन्धुली अर्थात् क्रान्तिको पूर्वी नेपालको ढोका अभियानले राताम्मे परिएको र गाउँका गाउँ सिङ्गै ने.क.पा. मा सङ्गठित भएको बताएकी थिइन्। महान् जनयुद्धका कमान्डरहरू लडाइँको मोर्चा छोडेर भागे पनि आफूहरूले मोर्चाको नेतृत्व गरिरहेको र एकीकृत जनक्रान्ति कार्यदिशामार्फत वैज्ञानिक समाजवादी क्रान्ति सम्पन्न गर्नू दाबी पनि भुजेलले गरिन्। कार्यक्रममा केन्द्रीय सदस्य देवनारायण शाहले पनि मन्तव्य राखेका थिए। समीक्षा कार्यक्रममा ५ वटा उपटोली क्रियाशील रहेका थिए। रहेको गोलन्जर गापामा संलग्न टोलीबाट लालबहादुर, मानबहादुर, फेमसले प्रगति विवरण प्रस्तुत गरेका थिए।

उक्त कार्यक्रममा उपटोली

... बाँकी पृष्ठ ७ मा

# भ्रष्टाचारी पाठकलाई राज्यले नगरे हामी कारबाही गर्छौं : अखिल (क्रान्तिकारी)

■ **रातो खबर संवाददाता**/काठमाडौं

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका आयुक्त राजनारायण पाठकलाई सरकारले कारबाही नगरे आफ्नो सङ्गठनले कारबाही गर्ने अखिल (क्रान्तिकारी) ले बताएको छ। आइतबार काठमाडौंको त्रिचन्द्र कलेजमा आयोजना गरिएको क्रान्तिकारीको प्रदर्शन कार्यक्रममा क्रान्तिकारीका केन्द्रीय सचिवालय सदस्य हर्क विकले भक्तपुरमा सञ्चालनमा रहेको नेपाल इन्जिनियरिङ कलेज सञ्चालक लम्बोदर न्यौपानेले सामाजिक सेवाको उद्देश्यसहित खोलिएको कलेज आफ्नो निजी सम्पत्ति बनाउन अख्तियार दुरुपयोग अनुसन्धान आयोगका आयुक्त पाठकलाई ७८ लाख रुपैयाँ घूस दिएको भन्दै पाठकलाई अविलम्ब कारबाही हुनुपर्ने माग गरे। पाठक यस्ता भ्रष्टाचारीलाई राज्यले कारबाही नगर्ने हो भने आफ्नो सङ्गठनले कारबाही गर्ने चेतावनी उनले दिए। नेकपा निकट अखिल (क्रान्तिकारी) मध्य कमान्डले अख्तियार दुरुपयोग अनुसन्धान आयोगका आयुक्त रामनारायण पाठकलाई कारबाही गर्न माग गर्दै विरोध प्रदर्शन गरेको हो। कार्यक्रममा अखिल (क्रान्तिकारी) पोखरा विश्वविद्यालयका संयोजक ललित विकले भ्रष्टाचारीहरूलाई कारबाही गर्नुको साटो राज्यले नै थप प्रोत्साहन दिएको भन्दै राज्यले आमनागरिक र राष्ट्रियताको रक्षा गर्न नसक्ने हो भने आफनो सङ्गठनले गर्ने बताए।

# दलित मुक्ति मोर्चा कास्कीको छैटौं सम्मेलन

■ **रातो खबर संवाददाता**/पोखरा

नेपाल कम्युनिस्ट पार्टी निकट दलित मुक्ति मोर्चा नेपाल, कास्की जिल्लाको छैटौं जिल्ला सम्मेलन भव्य रूपमा सम्पन्न भएको छ। दलित मुक्ति मोर्चा नेपाल कास्कीले २४ औं जनयुद्ध दिवसका अवसरमा आयोजित कार्यक्रममा जिल्लामा भएका सहिद-बेपत्ता परिवारहरूलाई सम्मानपत्रसहित अभिनन्दन गर्दै दलित मुक्ति मोर्चा नेपालका केन्द्रीय अध्यक्ष डम्बरबहादुर विश्वकर्मा 'मामा' ले प्रचण्ड-बाबुरामले जनयुद्धमा नेपालका गरिब, दीन-दुःखी आर्थिक, सामाजिक र राजनीतिक रूपमा विभेदमा परेका जनताको मुक्तिका लागि योगदान गरेका सहिद तथा बेपत्ता योद्धाको भूमिकालाई बेचेर अपमान गरेको बताए। उनले नेपाल कम्युनिस्ट पार्टीले जनयुद्धमा दिएको बलिदानलाई सदैव सम्मान गर्ने बताए।

पोखराको पृथ्वीचोकबाट पञ्जेबाजासहितको र्‍याली नगर परिक्रमा गरी सम्मेलनमा परिणत भएको थियो। कार्यक्रममा सहिद-बेपत्ता परिवार समाजका महासचिव नवराज ढुङ्गाना, मोर्चाका जिल्ला प्रयाक्सन इन्चार्ज सन्तोष परियार, विद्यार्थीका जिल्ला अध्यक्ष काजी गुरुङलगायतले शुभकामना मन्तव्य दिएका थिए। कार्यक्रममा मोर्चाका गण्डक ब्युरो संयोजक टेकबहादुर विश्वकर्मा, सचिवालय सदस्य हरि नेपाली, प्राप्ति विश्वकर्मा, मोर्चाका केन्द्रीय कार्यालय सचिव जयसिंह नेपालीलगायतको उपस्थिति थियो। सम्मेलनले गगन परियारको नेतृत्वमा १७ सदस्यीय जिल्ला समिति निर्वाचित गरेको छ। निर्वाचित हुनेमा उपाध्यक्ष मीनबहादुर परियार, सचिवमा निर्मल लकान्द्री, सहसचिवमा प्रकाश नेपाली, कोषाध्यक्षमा भावना सुनारलगायत रहेका छन्।


मोर्चाका जिल्ला अध्यक्ष एवम् केन्द्रीय सदस्य उमेश सीकेको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन दिलबहादुर सुनारले गरेका थिए। कार्यक्रममा कास्की जिल्लाका विभिन्न क्षेत्रबाट एक हजार सर्वसाधारणको

बाँकी पृष्ठ ७ मा

# राजनीतिक सत्ताको प्रश्न

**देश/परिवेश**

■ विप्लव



मार्क्स-एङ्गेल्सले वैज्ञानिक समाजवादी सत्ताको अनुसन्धान गरिसकेपछि पत्ता लाग्यो- हरेक राजनीतिक विचारको केन्द्रमा राज्यसत्ता हुन्छ। सत्ताबिना राजनीतिको अस्तित्व नै पाउन सकिँदैन। वैज्ञानिक समाजवादी सत्ताबाहेक आजसम्म चलेका सबै सत्ता मानवजातिमाथि केवल शोषण, उत्पीडन र दमन गर्नका लागि खडा गरिएका साधन मात्र हुन्। पुँजीवादी राज्यसत्ता मानवजातिमाथि लादिएको उत्पीडनको साधन र दुनियाँको अन्तिम व्यवस्था हो। पुँजीवादी सत्तालाई पल्टाउनु र वैज्ञानिक समाजवादी राज्यसत्ताको स्थापना गर्नु र सत्ताद्वारा सर्वहारावर्गको अधिनायकत्व प्रयोगसहित राज्यसत्ताको विलोपीकरण गर्दै साम्यवादतर्फ अगाडि बढ्नु कम्युनिस्टको आधारभूत राजनीतिक सिद्धान्त र दृष्टिकोण हो। मार्क्सवादी-लेनिनवादी-माओवादी सत्तासम्बन्धी यो विचारलाई विश्वभरिका कम्युनिस्टहरूले निर्विवाद रूपले अनुसरण र कार्यान्वयन गर्दै आएका छन्।

परन्तु नाममा कम्युनिस्ट तर व्यवहारमा सुधारवादी-संसद्वादी बन्न पुगेका संशोधनवादीले मात्र यो विचारलाई संशोधन गर्दै वैज्ञानिक समाजवाद-साम्यवादलाई संसद्वादी-पुँजीवादी व्यवस्थाको पुच्छरवादमा वा उसको सहयोगी राजनीतिमा झार्ने कार्य गरिरहेका छन्। यो समस्या पछिल्लो समयमा प्रचण्ड-बाबुरामको दृष्टिकोणमा अक्षम्य रूपले देखापरेको छ।

समाज निर्माणको मुख्य साँचो राज्यसत्तामा अन्तर्निहित हुन्छ। यसबारे स्पष्ट गर्दै मार्क्सले भन्नुभयो, 'खासगरी कम्युनले के साबित गरिसकेको छ भने मजदुरवर्गले राज्यसत्ताको बनिबनाउ यन्त्रलाई कब्जा गरेर आफ्नो निजी उद्देश्यपूर्तिका लागि जस्ताको तस्तै त्यसको उपयोग गर्न सक्दैन।'

(मार्क्स-एङ्गेल्स, पेरिस कम्युन, २४ जुन १८७२, सन् १८७२ मा प्रकाशित कम्युनिस्ट पार्टीको घोषणापत्रको जर्मन संस्करणको भूमिकाबाट, पृ. ३४४)।

त्यसैलाई थप पुष्टि गर्दै लेनिनले भन्नुभयो, 'क्रान्तिको प्रमुख काम राज्यसत्ताको समाधान गर्नु हो।' उहाँले राज्यको चरित्रबारे थप स्पष्ट गर्दै भन्नुभयो, 'राज्य एक वर्गद्वारा अर्को वर्गलाई उत्पीडन गर्ने यन्त्र हो। अन्य मातहत वर्गहरूलाई एक वर्गको आज्ञाकारी बनाइराख्ने यन्त्र हो।'

(लेनिन सङ्कलित रचना, हिन्दी संस्करण, खण्ड ९, राज्यको बारेमा, पृ. ८५)।

'सारा इतिहास उत्पीडनको जुवा उतारेर फ्याँक्नका लागि उत्पीडितवर्गहरूको अविरल प्रयत्नहरूद्वारा भरिएको छ। दासताको इतिहास दासताबाट मुक्तिका लागि कैयौं दशकहरूसम्म चल्नेवाला युद्धहरू साक्षी छ।'

(लेनिन सङ्कलित रचना, हिन्दी संस्करण, खण्ड ९, राज्यको बारेमा, पृ. ८६)।

त्यसैगरी माओले भन्नुभयो, 'शस्त्रबलद्वारा सत्ता छिन्नु, युद्धद्वारा समस्याको समाधान गर्नु, क्रान्तिको केन्द्रीय कार्य साथै सर्वोच्च रूप हो।'

(युद्ध र रणनीतिक समस्याहरू, सङ्कलित रचना २, पृ.

... बाँकी पृष्ठ ६ मा

वर्ष ४, अङ्क ३४, पूर्णाङ्क १८०
रातो खबर साप्ताहिक

## सम्पादकीय

# अर्को माओवादी जन्मियो !

महान् जनयुद्ध सुरु भएको २३ वर्ष पुगेर २४ वर्ष लागेको छ। त्यसैले अहिले नेपालका सञ्चारमाध्यमहरूमा माओवादी जनयुद्धका बारेमा विभिन्न क्रियाप्रतिक्रियाहरू आइरहेका छन् । साथै खड्गप्रसाद ओलीको नेतृत्वमा सरकार गठन भएको पनि १ वर्ष पूरा भैसकेको छ। सरकारको १ वर्षको समीक्षा पनि भएको छ। त्यसैले यो साता जनयुद्ध, माओवादी आन्दोलन र केपी सरकारको एक वर्षलाई लिएर भएका टीकाटिप्पणी र समीक्षालाई लिएर नेपालका सञ्चारमाध्यम मुख्य समाचारहरूले भरिएका छन् । सरकारी नेकपाभित्र बढ्दै गएको अन्तर्विरोध पनि यो साता छताछुल्ल हुन पुगेको छ। यिनै चारवटा कुराले फागुनका यी दिनहरूमा राजनीतिक सरगर्मी बढेको छ।

सरकारी नेकपाका एकजना अध्यक्ष पुष्पकमल दाहालले माघ २५ गते पुस्तक विमोचनको एक कार्यक्रममा शान्तिप्रक्रियालाई सही तरिकाले सम्बोधन गरिएन भने अर्को माओवादी जन्मिन्छ भनेका थिए। उनको यो भनाइलाई केपी सरकारले पश्चिमाको दबाबमा संसद्मा युद्धकालीन मुद्दाहरू उठाएर युद्ध अपराधी घोषणा गराई कारबाही गर्न लागेकाले उनले अर्को माओवादी जन्मिने र त्यसपछि देशमा भयानक द्वन्द्व हुने कुरा उठाएका थिए। साथै उनले सङ्घीयता भनिए पनि अधिकार अहिले पनि केन्द्रमा रहेको आरोप लगाएका थिए । प्रचण्डका यी भनाइहरूको कति मान्यता रहन्छ, उनका भनाइमा कत्तिको वजन रहेको छ, त्यो त हेर्न बाँकी नै छ। उनका विगतका भनाइ र गराइलाई नियाल्ने हो भने त यसपालिका उनका यी भनाइमा कुनै दम छैन भन्न सकिन्छ। आफ्नो प्रतिष्ठा र जीवनमा आँच आउने वा खतरा महसुस गरे भने उनले यस्तो कुरा नगर्ने गरेका होइनन् ।

प्रचण्डले उक्त कार्यक्रममा बोलेको अर्को माओवादी जन्मिन्छ भन्ने भनाइलाई लिएर सेतोपाटीमा अमित ढकालले फागुन १ गते 'अर्को माओवादी जन्मिसक्यो' शीर्षकमा लेख नै लेखेका थिए। ढकालले तथ्यहरूका आधारमा भन्दा पनि राजनीतिक पूर्वाग्रह र सरकारी भ्रमपूर्ण सूचनालाई आधार बनाई उक्त लेख लेखेर भड्किलो परिस्थिति सिर्जना गर्नुका साथै सरकारलाई नेपाल कम्युनिस्ट पार्टीलाई दमन गर्न उकास्ने नियतद्वारा प्रेरित गरेको बुझ्न गाह्रो छैन। नेपालका स्थापित र ठूला मिडियामा सम्पादक भैसकेका यस्ता व्यक्तिहरूले एकतर्फी सूचनाका भरमा लेख लेख्नुले जनतामा पर्न जाने भ्रमको जिम्मा कसले लिने भन्ने पनि हुन्छ।

ठीक यसैगरी फागुन ६ गते साँझ बीबीसी नेपाली सेवाको साँझपख शरद केसीले केपी सरकारको एक वर्षको समीक्षामा तयार पारेको रिपोर्ट र त्यहाँ प्रस्तुत गरिएको सामग्रीले पनि धेरै प्रश्नहरू उब्जाएको छ । उक्त प्रस्तुतिले नेपाली जनताले लामो समयदेखि गरेको आन्दोलन र ती आन्दोलनहरूबाट प्राप्त सीमित अधिकारहरूमाथि प्रश्न खडा गर्नुका साथै देश प्रतिगमनतिर जानका लागि उक्साएको सहजै बुझ्न कठिन छैन। यस्ता कुरामा सजग रहन जरुरी रहेको छ।

फागुन १ गते पारेर नेपाल कम्युनिस्ट पार्टीका महासचिव विप्लवले रातो खबर अनलाइन टेलिभिजनलाई लामो अन्तर्वार्ता दिएका छन् । २ वर्षपछि श्रव्यदृश्यमा आएका विप्लवले जनयुद्धले उठाएका मुद्दाहरूलाई आफ्नो पार्टीले स्वामित्व ग्रहण गरेको बताएका छन्। विप्लवले २०६९ साल असार २ गते प्रचण्डहरूसँग विद्रोह गरेर प्रचण्ड–बाबुरामले गरेको जनमुक्ति सेनाको विघटनको विरोध गरेका थिए। उनले आफ्नो अन्तर्वार्तामा जनमुक्ति विघटन नभएको दाबी पनि गरेका छन्। उनले जनमुक्ति सेना बहिर्गमित वा पूर्व भन्ने नै छैन, यो त प्रतिक्रियावादी र साम्राज्यवादीहरूले भनेको मात्र हो भनेका छन्।

२०७१ साल मङ्सिर ८ गते विप्लवको नेतृत्वमा पुनर्गठित तत्कालीन नेपाल कम्युनिस्ट पार्टी माओवादी र आठौँ महाधिवेशनपछि बनेको नेपाल कम्युनिस्ट पार्टीले मार्क्सवाद–लेनिनवाद–माओवादलाई मार्गनिर्देशक सिद्धान्त मान्दै नेपाली क्रान्तिको कार्यदिशा एकीकृत जनक्रान्ति पारित गरिसकेपछि नेपालमा एक मात्र माओवादी पार्टीका रूपमा उसले अभियानात्मक रूपमा नयाँ तरिकाबाट नेपालमा क्रान्तिलाई निरन्तरता दिएको भन्दै आएको छ। यसरी विप्लवले नेतृत्व गरेको नेपाल कम्युनिस्ट पार्टीको पुनर्गठन र प्रचण्डहरूसँगै रहेर गरेको भीषण अन्तर्सङ्घर्षका क्रममा नै नेपालमा माओवादी शक्ति रहिरहेको कुरालाई अस्वीकार गर्नुपर्ने ठाउँ छैन । त्यसैले अहिले प्रचण्डले माघ २५ गते सनकको भरमा मोलमोलाइका लागि दिएको अस्थिर अभिव्यक्तिलाई आधार बनाएर नयाँ माओवादी जन्मिसक्यो भन्नुको तुक रहेको छैन । वास्तवमा नेपालमा जनयुद्ध सुरु भएदेखि माओवादको प्रयोगात्मक बीजारोपण भएको थियो । यसमा कहिले वसन्त र कहिले शिशिरको प्रभाव पर्नु छुट्टै कुरा हो। त्यसैले अहिले मात्र माओवादीको जन्म भएको भन्नु गलत र नियतवश ल्याइएका कुरा हुन् भन्न सकिन्छ।

## लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

– रातो खबर साप्ताहिक

# ब्रेकिङ विथ ओल्ड आइडियाज् र नेपालको शिक्षा


गुणराज लोहनी

### विषय प्रवेश

'ब्रेकिङ विथ ओल्ड आइडियाज' १९७५ मा बनेको चिनियाँ चलचित्र हो । चुनआओ झोङ्जीको लेखनमा लि वेन्हुसले निर्देशन गरेको यो फिल्मको मूल विषयवस्तु शिक्षा रहेको छ । चीनमा कमरेड माओको नेतृत्वमा ल्यु साओ चि, लिन प्याओलगायत संशोधनवादीहरूले सत्ता कब्जा गरी चिनियाँ समाजवादी सत्तामा प्रतक्रियावादी घुसपैठ गर्न थालेपछि 'बुर्जुवाहरूको मुख्यालयमा बम बार्ड गर' भन्ने नारा दिएसँगै सुरु भएको सर्वहारा सांस्कृतिक क्रान्तिको उद्घोष भएको थियो । सर्वहारा सांस्कृतिक क्रान्ति संस्कृतिमा मात्र सीमित नभएर विश्व दृष्टिकोणमा नै नयाँ आयाम थियो । त्यसले आर्थिक, सामाजिक, सांस्कृतिकका साथै शिक्षामा ठूलो परिवर्तन ल्याएको थियो । सांस्कृतिक क्रान्तिका अभियन्ताहरू मूल रूपमा स्कुल, कलेजका युवा विद्यार्थी थिए । चिनियाँ जनवादी र पछिल्लो क्रममा समाजवादी क्रान्तिमा शिक्षामा कसरी आमूल परिवर्तन ल्याइएको थियो भन्ने विषयलाई यस चलचित्रमा समावेश गरिएको छ।

### चलचित्रको कथावस्तु

सामान्य लेखपढ गर्न जान्ने लिङ तुङतेङ गाउँका कम्युन निर्देशक हुन्छन्। उनलाई कलेजको अध्यक्ष नियुक्त गरिन्छ। कलेजमा नयाँ भर्ना चलिराखेको हुन्छ। कलेजका डिन सुन विद्यार्थीको शैक्षिक प्रमाणपत्र जाँच गरिराखेका हुन्छन्। राम्रो अङ्क ल्याएर डिप्लोमा गरेका विद्यार्थीले मात्र त्यस कलेजमा भर्ना हुन पाउने पुरानो प्रावधान छ। योग्यता नपुगेकाहरूलाई डिन सुन 'यो कलेज हो; कुनै साक्षरता कक्षा होइन । यहाँ भर्ना हुनका लागि कम्तीमा पनि डिप्लोमा उत्तीर्ण हुनुपर्छ' भनिराखेका हुन्छन्। यही विषयलाई लिएर विद्यार्थी र डिनका




बीचमा भनाभन हुन्छ। रिसाउँदै डिन सुन विद्यार्थीलाई 'पाखे' भनेर गाली गर्छन्। निर्देशक लिङ कलेज पुग्छन्। भर्ना हुनका लागि बाहिर बसेका विद्यार्थीलाई उनी भित्र बोलाउँछन् । उनले विद्यार्थी छनोटका लागि एकजना वृद्ध किसानलाई साथमा ल्याएका हुन्छन् । कुनै एक जमिनदारको घरमा काम गर्न बसेकी ली चेन फेङ नामकी एकजना महिला पनि कलेजमा भर्ना हुन आएकी हुन्छिन्। १९४९ को क्रान्तिसँगै मुक्त भएपछि उनले महिला सङ्गठनको उत्पादन ब्रिगेडमा लागेर धान खेतीबारे राम्रो अनुभव हासिल गरेकी हुन्छिन् । वृद्ध किसानले ती केटीको धान उत्पादनसम्बन्धी ज्ञानको प्रशंसा गर्छन् । अनि निर्देशक लिङले ली चेनलाई केही लेख्न लगाउँछन् । ली चेनले लेखेर देखाउँछिन् । सामान्य लेखपढ गर्न जान्ने र धानखेतीसम्बन्धी विशेष रुचि र अनुभवसमेत भएकाले ली चेनलाई कलेजमा भर्ना दिइन्छ। गरिब परिवारका नियङ ल-नियन एउटा आरनमा फलाम घन ठोक्ने काम गरिरहेका हुन्छन् । उनको हत्केलाभरि ठेला उठेका हुन्छन्। निर्देशक लिङले नियनका हात उठाउँदै, 'देश मुक्त भएको ९ वर्षपछि पनिश्रम गर्ने देशका गरिब किसान र मजदुरले शिक्षा पाएका छैनन्। त्यसैले नियनजस्ता हातभरि ठेला उठाउनेहरूका लागि यिनै ठेला हुन् कलेजमा भर्ना हुनका लागि आवश्यक योग्यता' भन्दै उनलाई पनि कलेजमा भर्ना गर्छन्।

तर अहिले नेपालमा प्राविधिक शिक्षा असाध्यै महँगो त छँदैछ। साथै यो सर्वसाधारण जनताको पहुँचभन्दा बाहिर छ। नेपालको शिक्षामा विकास त भएको छ तर शिक्षालाई उत्पादनसँग नजोडेका कारण शैक्षिक बेरोजगारको सङ्ख्या ह्वात्तै बढेको छ। शैक्षिक जनशक्ति विदेश पलायन भएको छ। हुनेखानेले प्राविधिक शिक्षा पढ्ने र नहुनेले मानविकी, शिक्षाजस्ता बौद्धिक विलासिताका विषयहरूमा अल्मलिनुपर्ने उल्टो परम्परा नै बसेको छ। दक्ष जनशक्ति नेपाल बस्ने, त्यसमा पनि ग्रामीण क्षेत्रमा जाने प्रविधि शिक्षामा जोडिएको छैन।

त्यो चलचित्रमा कलेज कस्तो स्थानमा बनाउने भन्ने बहस पनि चलाइएको छ । त्यस कलेजका सहप्राचार्य ताओ सहरको नजिकै, नदीको किनारमा, स्वच्छ हावा बहने सुविधासम्पन्न स्थानमा कलेज बनाउन प्रस्ताव राख्छन् तर निर्देशक भने गरिब किसान-मजदुरको विकट बस्तीमा कलेज बनाउने तर्क गर्छन् । तर ताओहरू 'पहाडमा पैसा, शिक्षक र विद्यार्थी भर्नाको समस्या छ। राम्रो पढेका मान्छे नै छैनन्। त्यसैले सहरनजिक बनाउनुपर्छ, बरु विद्यालय शिक्षा राम्रोसँग उत्तीर्ण गरेका पहाडका विद्यार्थीलाई सहरमै बोलाए भइहाल्यो नि !' भन्ने तर्क गर्छन्। तर निर्देशक लिङ 'त्यस्तो होइन, हामी कसलाई पढाउँदैछौँ भन्ने कुरा महत्वपूर्ण हो । हामी गरिब किसान र मजदुरका छोराछोरीलाई पढाउँदैछौँ । त्यसैले बढीभन्दा बढी गरिब किसान र मजदुरलाई पायक पर्ने गाउँनजिकै कलेज हुनु जरुरी छ', भन्छन्। नेपालका गाउँ र सहरबीचमा शिक्षा, स्वास्थ्यजस्ता विकासका पूर्वाधारमा ठूलो खाडल उत्पन्न भएको छ । सहरहरू नै स्वास्थ्य र शिक्षाका केन्द्र बनेका छन्। प्राविधिक र सीपमूलक शिक्षामा ग्रामीण जनताको पहुँच बढाउन, सहर-गाउँमा जनसङ्ख्याको सन्तुलन कायम राख्न, स्थानीय साधनस्रोतको सदुपयोग गर्न र समग्र विकासका लागि प्राविधिक र अनुसन्धानमूलक कलेजहरू ग्रामीण क्षेत्रमा स्थापना गर्नु आवश्यक छ।

उक्त चलचित्रमा डिन सुन एक महिनादेखि घोडाका बारेमा पढाइराखेका हुन्छन्। त्यही बेला अघि विद्यार्थी छान्न बोलाइएका वृद्ध किसानले आफ्ना भैंसी बिरामी भएर उपचार गराउन कलेजमा ल्याएका हुन्छन्। कक्षामा पढाइराखेका डिन सुन भैंसी कराएको सुनेर बाहिर आउँछन्। डिनले किसानलाई कलेजमा भैंसी ल्याएको देखेर हप्काउँदै 'यो कलेज हो, यहाँबाट भैंसी लगिहाल' भनेर किसानलाई आदेश दिएपछि फेरि कक्षामा पढाउन थाल्छन् । भैंसी फर्काएर वृद्ध किसान त्यही कक्षामा आएर बस्छन् । एकछिनपछि उठेर ती वृद्ध किसानले पढाउँदै गरेका डिनलाई भन्छन्, 'तपाईं दक्ष हुनुहुन्छ रे । मेरो भैंसीलाई हिजोदेखि ज्वरो आइरहेको छ । त्यसैले देखाउन आएको थिएँ। हिउँदमा ब्याउने हो।' विद्यार्थीले पनि डिनलाई एकपटक भैंसी हेरिदिन भन्दछन् तर डिन मान्दैनन्, बरु वृद्ध किसानलाई कक्षाकोठाबाट बाहिर जान भन्छन्। डिन फेरि पढाउन थाल्छन् । यसपटक एकजना विद्यार्थी डिनसँग प्रश्न सोध्न हात उठाउँछन्। डिन ती विद्यार्थीको नजिकै पुग्छन् र कमिजका टाँक राम्ररी लगाउन भन्छन् । विद्यार्थी प्रश्न गर्छन्, 'तपाईंले केही महिनादेखि लगातार घोडाका बारेमा पढाइराख्नुभएको छ। हामीलाई मङ्गोलियामा घोडा चराउन लैजाने हो कि क्या हो !' उनको कुरा सुनेर सबै विद्यार्थी गलल्ल हाँस्छन् । उनी फेरि भन्छन्, 'हाम्रो यहाँ घोडा नै पाइँदैन। यहाँ त भैंसी र सुँगुर पाइन्छ। तिनै भैंसी र सुँगुरका बारेमा पढाए हुँदैन ? यो पो महत्वपूर्ण हो।' त्यसपछि त्यहाँको पाठ्यक्रम नै परिवर्तन गरिएको थियो।

२०२८ सालदेखि अहिलेसम्म जति पनि शिक्षा आयोगहरू बने ती आयोगहरूमा हामीकहाँ पढ्ने विद्यार्थी र पढाउने शिक्षक बस्न पाएका छैनन्। त्यसैले देशलाई चाहिने जनशक्ति र नेपालको आफ्नै विशेषताका आधारमा पाठ्क्रम बनाइनुपर्छ भन्ने यहाँ छैन। प्राकृतिक साधनस्रोत, भौगोलिक बनावट, हावापानी, वातावरण र यहाँ चाहिने जनशक्तिलाई हेक्का राखेर पाठ्यक्रममा कुनकुन विषय समावेश गर्ने भन्ने किटान गरिएको छैन। यसले सिङ्गो देशको विकास र आर्थिक असमानतालाई न्यूनीकरण गर्न मद्दत गर्नुपर्छ।

उक्त चलचित्रमा कलेजमा परीक्षा सञ्चालन भइराख्दा विद्यार्थीले लगाएको धानको बोटमा कीरा लागेको हुन्छ । ली चेन फेङ कलेजमा गएर विद्यार्थी र प्राध्यापकलाई धानमा लागेको कीराको उपचार गर्न आग्रह गर्छन् । १५ जना विद्यार्थी परीक्षा छाडेर उनीसँगै धानमा औषधि छर्किन जान्छन् । धान राम्रो फल्छ तर ती पन्ध्रजना विद्यार्थीलाई परीक्षा छाडेको निहुँ बनाएर कलेजबाट निष्कासन गरिन्छ । निर्देशक लिङले उनीहरूलाई तत्काल पुनर्बहाल गरिदिन्छन् । उनीहरूको परीक्षा पुनः लिइन्छ र उनीहरू नै उत्कृष्ठ विद्यार्थी ठहरिन्छन् । चलचित्रको अन्त्यमा ली साओ चीले समाजवादी सत्तामा लागू गरेको संशोधनवादको भण्डाफोर गर्दै समाजवादीकरणलाई निरन्तरता दिइएको देखाइएको छ।

### चलचित्रले दिएको सन्देश

यो चलचित्रले शिक्षामा पहुँच, शिक्षाको उत्पादन, पाठ्यक्रमभित्रको मुख्य पक्ष; शिक्षणविधि र मूल्याङ्कन विधिका बारेमा फरक दृष्टिकोण दिन्छ । यसमा एउटा नारा दिइएको हुन्छ- 'आंशिक समय काम, आंशिक समय अध्ययन !' यसले श्रमलाई शिक्षासँग जोड्ने, काम गर्दागर्दै सिक्ने र सिक्दासिक्दै काम गर्ने कुरालाई महत्व दिएको छ। आजको चीनको आर्थिक विकासको आधार यसै समयमा लागू गरिएको शिक्षाप्रणालीले बनाइदिएको हो। अमेरिकाका चर्चित समाजशास्त्री विलियम हिल्टनले चीनको शिक्षामा भएको क्रान्तिका बारेमा एउटा किताब लेखेका छन्- ' हन्ड्रेड डे वार।' यस पुस्तकमा शिक्षामा सबैको पहुँच, तीव्र विकास, उत्पादनसँगको सम्बन्धका बारेमा राम्रो व्याख्या छ। त्यसताका चीनमा लागू गरिएको शिक्षाप्रणाली र त्यसको प्रयोग, जनतामा भएका पहुँच, उत्पादन र समग्र विकासको अध्ययन गरी डोङ पिङ हानले 'अन नोन कल्चरल रेभोलुसन' ९गलपलयधल अगतिगचबर्ा चभखयगितष्यल० नामको खोजपूर्ण किताब नै तयार पारेका छन्। यो चलचित्रले प्रस्तुत गरेको शिक्षासम्बन्धी अवधारणा र प्रयोगलाई यी दुईवटा पुस्तकले पनि पुष्टि गरेका छन्।

अहिले नेपालमा कम्युनिस्ट पार्टीको नामको सरकार छ। यही सरकारका शिक्षामन्त्री गिरिराजमणि पोखेलको नेतृत्वमा उच्चस्तरीय शिक्षा आयोग बनेर त्यसले प्रतिवेदन बुझाएको छ । तर त्यो प्रतिवेदनमा शिक्षासम्बन्धी पुरानै अवधारणा राखिएको छ । शिक्षामा साम्यवादी अवधारणाको कुरा त कता हो कता कुनै नयाँपन पनि दिन सकिएको छैन। २५ बर्से योजनासहित आएको उक्त प्रतिवेदनले नेपालको शिक्षालाई झनै पछाडि पार्नेछ। शिक्षामा रहेको विभेदलाई झनै बढाएर लैजानेछ। तसर्थ यसबाट कुनै आशा राख्न सकिँदैन। त्यसका लागि शिक्षामा नयाँ क्रान्तिको आवश्यकता छ।

# अनेम सङ्घ (क्रान्तिकारी) ललितपुरको भेला

**ललितपुर** : अखिल नेपाल महिला सङ्घ (क्रान्तिकारी) ललितपुरको दोस्रो भेला सम्पन्न भएको छ । भेलाले शोभा परियारको अध्यक्षतामा २१ सदस्यीय जिल्ला समिति निर्वाचित गरेको छ। भेलाकी प्रमुख अतिथि अखिल नेपाल महिला सङ्घ (क्रान्तिकारी) की महासचिव धीरेन्द्रा उपाध्याय 'भृकुटी' ले वर्तमान सरकारलाई 'दलाल संसदीय व्यवस्थाको अंश' भन्दै यसलाई खारेज गरेर नेपाली जनताको आफ्नै राज्यव्यवस्था स्थापना नगरेसम्म महिलामाथि भइरहेको हिंसा र अत्याचार निर्मूल नहुने बताइन् ।

'दलाल राज्यसत्ता कायम रहेसम्म नेपाली महिलाहरूले भोगिरहेको हत्या, हिंसा र अन्यायबाट मुक्ति मिल्ने आधारै छैन', उनले भनिन्, 'त्यसैले जनताको आफ्नै सत्ताका रूपमा नेपाल कम्युनिस्ट पार्टीको नेतृत्वमा वैज्ञानिक समाजवाद स्थापनाको सङ्घर्ष चलिरहेको छ ।' जनताको सत्ता स्थापना नभएसम्म क्रान्ति नरोकिने उनको भनाइ थियो ।


भेलाका विशेष अतिथि नेपाल कम्युनिस्ट पार्टी ललितपुरका सेक्रेटरी विपीन शर्माले जनयुद्धले नेपाली समाजमा महिलालाई सशक्त बनाए पनि त्यसलाई अहिलेको दलाल सरकारले उल्ट्याउँदै लगेको बताए । जनयुद्धको उद्देश्य पूरा नभएकाले महिलाको पूर्ण मुक्तिका लागि वैज्ञानिक समाजवाद स्थापना गर्न नेकपाको नेतृत्वमा सुरु गरिएको एकीकृत जनक्रान्तिमा गोलबन्द हुन विपीनले अपिल गरे।

सरकारले नेकपा र त्यसका जनवर्गीय सङ्गठनका नेता-कार्यकर्ताहरूमाथि शान्तिपूर्ण राजनीतिक अभियानका क्रममा दमन र धरपकड जारी राखेर सामाजिक फासिवाद लाद्न खाजेको बताउँदै त्यसलाई रोक्न उनले माग गरे। नरोकिए कडा प्रतिवादमा उत्रने चेतावनीसमेत उनले दिए । बन्दी बनाइएका सम्पूर्ण नेता-कार्यकर्तालाई बिनासर्त तत्काल रिहा गर्नसमेत उनले सरकारसँग माग गरे।

अखिल नेपाल महिला सङ्घ (क्रान्तिकारी) की केन्द्रीय सदस्य एवम् काठमाडौँ उपत्यका संयोजक राजकुमारी शाही ' उषा' ले महिलालाई चुलोचौकोमा मात्र सीमित राख्ने र अन्याय, हिंसाको चङ्गुलमा पर्दासमेत मौन बस्ने सरकार जनताको सरकार हुन नसक्ने बताइन्। सरकार अत्याचारी र भ्रष्टाचारीको घेराबाट बाहिर निस्कन नसकेको भन्दै अब जनताको आफ्नै सत्ता गठन गरेर सञ्चालन गर्ने दिशातर्फ केन्द्रित हुने बेला आइसकेको उनको धारणा थियो ।भेलाले सचिवमा सुस्मिता ढुङ्गेल, सहसचिवमा मङ्गला मानन्धर र कोषाध्यक्षमा निशा नापितलाई निर्वाचित गरेको छ। सदस्यहरूमा मालती भुसाल, रञ्जु कर्माचार्य, निरमाया तामाङ, अनिता श्रेष्ठ, लक्ष्मी भण्डारी, पविता राई, सञ्जिता शेर्पा, बिना लामा, कान्छी तामाङ, विष्णु राईलगायत निर्वाचित भएका छन्।

कार्यक्रममा नेवाः मुक्ति मोर्चाका उपत्यका संयोजक सुरेन्द्र महर्जन, नेता कुमाल सैंजुवाललगायतको उपस्थिति थियो । भेलाको अध्यक्षता शोभा परियारले गरेकी थिइन्। नयाँ नेतृत्व चयन भएसँगै अध्यक्ष परियारले महिला मुक्ति र एकीकृत जनक्रान्तिको कार्यदिशालाई समाजमा लैजान र परिवर्तनका लागि सक्रिय र इमानदारीसाथ लाग्ने प्रतिबद्धता व्यक्त गरिन्।

# जनयुद्ध दिवसको महत्व र सान्दर्भिकता


असल क्षेत्री

२०५२ साल फागुन १ गते नेपालमा माओवादी जनयुद्ध सुरु भएको ऐतिहासिक महत्वको दिन हो। सर्वहारा वर्गले प्रतिक्रियावादी सत्तामाथि धावा बोलेको दिन। त्यस दिनलाई नेपालमा माओवाद मान्ने जनयुद्ध लडेका शक्तिहरूले धुमधामका साथ मनाए। यस दिनको ऐतिहासिकता र महत्व शुभकामना आदानप्रदान, खुसी साटासाट, भेटघाट र ठूलाठूला सभाहरू गरेर पनि यस दिनको स्मरण गर्ने काम गरियो। नेपालमा माओवादी जनयुद्ध सुरु भएको दिनका रूपमा स्मरण गरियो जुन दिन माओवादीहरू तीनवटा चौकीमा आक्रमण गरेर युद्धको घोषणा गरेका थिए। विश्व कम्युनिस्ट आन्दोलनको एउटा टुकडी नेकपा (माओवादी) ले नेपालमा दीर्घकालीन जनयुद्धको बाटोबाट नेपालको संसदीय व्यवस्थासहितको राजतन्त्रलाई हटाएर जनताको जनवादी व्यवस्था ल्याउने नयाँ सपना देखेको दिन थियो। त्यस दिनको सुरुआत भएको यो फागुन १ गते २३ वर्ष पूरा गरेर २४ वर्षमा प्रवेश गरेको छ। मनमा पिडा आक्रोश र नयाँ आशासहित मनाइएको यो जनयुद्ध दिवसका सन्दर्भका छोटो चर्चा गरौं।

जनयुद्धको सुरुआतको दिन फागुन १ सम्म आउँदा माओवादीसँग सीमित कार्यकर्ता र सीमित साधनस्रोत थियो। घँगारुको लाठी, खुकुरी र केही सीमित भरुवा बन्दुकबाट जनयुद्धको खास सुरुआत भएको थियो। ३ वटा पुलिस चौकीमाथि आक्रमण गर्दा रुकुमको राडी चौकी, रोल्पाको होलेरी, सिन्धुलीको सिन्धुलीगढीमा एकैसाथ फागुन १ गते आक्रमण गरिएको थियो भने गोरखाको कृषि विकास बैङ्कमा पनि आक्रमण गरिएको थियो। तत्काल हतियारको आवश्यकता पूर्ति गर्न आक्रमण गरिए पनि त्यसको सहज पूर्ति हुन सकेन। केही विस्फोटक पदार्थ र लजिस्टिकबाहेक हतियारहरू कब्जा गर्न सकिएन। तर त्यसको नेपाली राजनीतिमा ठूलो महत्व रहेको छ। त्यसका अलावा देशमा विभिन्न कारबाहीहरू भएका थिए जुन नेपाली वर्गसङ्घर्षको इतिहासमा उच्च महत्वका छन्। सुरुका दुईतीन वर्ष २०५२ देखि २०५४ सम्म बेथानमा बाहेक ठूला कारबाही त्यति सफल हुन सकेनन्। २०५३ साल पुस १९ गते तीर्थ, फत्त र दिलमाया बम्जनको क्षति सहेर रामेछापको बेथानमा भएको सफल फौजी कारबाहीबाहेक सामान्य एम्बुस, सीआईडी, सुराकी र सामन्तहरूमाथि सफाया र सेबोटेजभन्दा फौजी कारबाहीको स्वरूप माथि उठ्न सकेन।

२०५५ साल मङ्सिर ८ गते सल्यानको भिम्पे रिपिटर टावरको कारबाहीबाट पश्चिमले सफल कारबाहीको खाता खोल्यो। त्यसपछि राप्तीको छानिएको केन्द्रित टिम बनाएर कारबाही अघि बढायो। देशभर पुलिसमाथि माओवादी सेना हाबी हुँदै गयो। २०५७ को अन्त्यतिर आउँदा पुलिस पूर्ण रूपमा पराजित मानसिकतामा पुग्यो। प्रतिक्रियावादी राज्यसत्ता पराजयको अवस्थामा पुग्यो भने जनताको सत्ता शक्ति भन्नूपछि भन् बलियो शक्तिका रूपमा उदाउँदै गयो। माओवादीले २०५७ सालमा डोल्पाको सदरमुकाम दुनै कब्जा गरेर अर्को कीर्तिमान खडा गऱ्यो। पूर्व-पश्चिम देशभरि माओवादी शक्ति हाबी हुँदै गयो भने प्रतिक्रियावादी शक्ति कमजोर हुँदै गयो। दुस्मन शक्ति सुरुदेखि सर्वसाधारण जनताको नरसंहार गर्न थाल्यो। त्यसले भन् सत्ताप्रति जनताको आक्रोश र वितृष्णा बढायो भने माओवादी शक्तिप्रति आशा र विश्वास जगायो। माओवादी शक्ति जनताको रक्षकका रूपमा उदायो भने राज्यप्रति जनताको पूरै आशा मऱ्यो। सुरुआतको चरणमा केही व्यक्ति, केही जिल्ला, मुख्य त रोल्पा-रुकुमबाट सुरु भएको माओवादी जनयुद्ध विशाल शक्तिमा परिणत हुँदै गयो।

होलेरी कब्जापछि पुरानो सत्ताको पुलिस पूर्ण रूपमा पराजित भयो। होलेरी कब्जापछि सरकार सेना परिचालनको गृहकार्यमा लाग्यो। प्रतिक्रियावादी शक्तिभित्रकै आन्तरिक अन्तरविरोधका कारण त्यो सम्भव रहेन। सरकारले युद्धविरामको घोषणा गर्नुपर्ने स्थिति पैदा भयो। माओवादीले पनि युद्धविरामलाई स्वीकार्दै युद्धविराम घोषणा गऱ्यो। चरणबद्ध रूपमा तेस्रो चरणसम्मको वार्ता गर्दा पनि परिणाममुखी वार्ता हुन नसकी वार्ता भङ्ग भई सेनासँगको लडाइँ माओवादी आफैँले सुरुआत गऱ्यो। घोराही सदरमुकाममा रहेको सैन्य ब्यारेकलगायत सम्पूर्ण कब्जा गरी माओवादीले सैन्य श्रेष्ठता कायम रहेको पुष्टि गऱ्यो। घोराही सदरमुकामलगायत स्याङ्जा सदरमुकाम र दुई दिनको फरकमा सोलु सदरमुकाम सल्लेरी कब्जा गरी शाहीसेनामा आक्रमणको थालनी भयो। युद्ध २०५२ देखि २०६३ सम्म जनयुद्धको अवधिमा सयौं पुलिस चौकी र सैन्य ब्यारेकहरू कब्जा गरिए। हजारौं मान्छेको बलिदान भयो। देशका ठूला एघारवटा सदरमुकामहरूमा फौजी आक्रमण भए। कुनै सदरमुकाम पूर्ण कब्जा भए भने केही सदरमुकामहरू आंशिक कब्जा भएका थिए। माओवादी आन्दोलन अन्तर्राष्ट्रियकरण भइसकेको थियो। आक्रमण र प्रत्याक्रमणका घटना दिन-प्रतिदिन बढ्दै गएका थिए। माओवादी आन्दोलन (जनयुद्ध) ठूलाठूला सफलतासहित अगाडि बढिरहेको थियो।

त्यही बीचमा राजा वीरेन्द्रको वंशनास भयो भने ज्ञानेन्द्र सत्ता सञ्चालनमा आइपुगे। वीरेन्द्रभन्दा ज्ञानेन्द्र अलि क्रूर देखिए। तत्कालीन संसद्वादी दलहरूको अस्तित्व पनि उनले नस्वीकारेपछि तत्कालीन संसद्वादी शक्तिहरू माओवादी शक्तिलाई गुहार्न आइपुगे। माओवादी शक्ति र संसद्वादी शक्तिबीचमा ७ बुँदे (रोल्पा) सहमति र पछिल्लोपटक १२ बुँदे सहमति हुन पुग्यो। यही सहमति पछि आएर माओवादी आन्दोलनको विघटन र विसर्जनको व्यावहारिक कडी बन्न पुग्यो। अन्ततः माओवादी आन्दोलन सम्पूर्ण रूपले विसर्जित भयो। सत्ता पूर्ण रूपले संसद्वादीहरूको पोल्टामा पुग्यो। संसद्वादीहरूको पल्ला भारी भयो। सामन्तवादको प्रतिनिधि राजतन्त्रको अन्त्य त भयो तर जनयुद्धको आधारभूत कार्यभारसम्म पूरा हुन सकेन।

### ठूलाठूला लडाइँको सामना गरेर निर्माण

जनयुद्धकालमा जनयुद्ध दिवसको रौनक जनतामा नयाँ उत्साह र उमङ्गसहित मनाइन्थ्यो। जनसत्ता स्थापना भएका ठाउँहरूमा कोसेली बोकेर आफ्ना इष्टमित्र, घरपरिवार भेटघाट गर्ने दसैंजस्तै एउटा संस्कृतिका रूपमा विकास भएको थियो भने कैयौं स्थानहरूमा मेला-जात्राहरू लगाउने गरिएको थियो। सहमति र वार्ता भन्दै जब नेताहरू सहर पसे, शङ्कासहितको जनयुद्ध दिवस मनाउन थालियो। नेताहरूप्रति जनताको आशङ्का पैदा हुन थाल्यो किनकि नेताहरूका चालचलन, उठबस, बोलीचाली बदलिन थाले। २०६४ सालको संविधानसभाको चुनावसम्म जनता-कार्यकर्ताहरूको पूर्ण आशा मरिसकेको स्थिति थिएन। संविधानसभाको चुनाव र चुनावपछि बनेको माओवादी सरकारले देखाएको पुरानै रबैयाका कारण जनता र कार्यकर्ताको मन नेताहरूप्रति भाँचियो। पार्टीभित्रै पनि विचार र कार्यदिशाको सन्दर्भमा बहस सुरु भयो। जनयुद्धको सपना र प्रतिबद्धताबाट मूल नेतृत्वलगायत शक्ति चिप्लिसकेको थियो। फर्कन-फर्काउन पार्टीभत्रकै क्रान्तिकारी शक्तिले धेरै पहल गरे तर सफल हुन सकेन। एकदुई दिन गर्दै तत्कालीन माओवादी नेतृत्व पङ्क्ति जनयुद्धको सपनाभन्दा धेरै टाढा पुग्यो। अन्ततः एउटा पङ्क्ति जनयुद्धकालमा नवप्रतिक्रियावादी भन्दै आक्रमण गरेको शक्तिसँग एकताको लगनगाँठो बाँध्न पुग्यो भने अर्को पङ्क्ति जनयुद्धको सपना नछोड्ने भन्दै पार्टी विभाजन, पुनर्गठन गर्दै एकीकृत जनक्रान्तिको कार्यदिशा निर्माणको तहसम्म अगाडि बढ्यो।

२४ औं वर्षको अन्तरालमा माओवादी शक्ति तीन शक्ति र तीन प्रवृत्तिमा विभाजित भएको छ : प्रचण्डको नेतृत्वमा संसदीय विसर्जनवादी शक्ति, किरणको नेतृत्वमा अलमलमा परेको अकर्मण्यतावादी शक्ति र अर्को जनयुद्धको स्वामित्वसहित निर्माण भएको विप्लव नेतृत्वको क्रान्तिकारी शक्ति। जनयुद्धका सपनाहरूलाई लत्याएर क्रान्तिबाट भागेको प्रचण्डमण्डलीले पनि जनयुद्ध दिवस सामान्य रूपमा मनायो भने किरण नेतृत्ववाला टिमले पनि मनायो। उनीहरूले मनाउनुको मूल उद्देश्य अधुरो, अपूरो क्रान्ति पूरा गर्नु थिएन मात्र जनयुद्धको स्वामित्व सुरक्षित राख्न गरिएको चाल मात्र थियो। नैतिक, व्यावहारिक र सैद्धान्तिक रूपमा पनि उनीहरूसँग अब माओवादी जनयुद्धको स्वामित्व रहेन किनकि प्रचण्डजीहरू जनयुद्धको सपनादेखि धेरै टाढा पुगिसकेका थिए। जनयुद्धका सपना पूरा गर्ने उद्देश्य जसले लिन्छ त्यसको स्वामित्व पनि उसैसँग जाने कुरा निश्चित छ। आजका दिनसम्म जनयुद्धका अधुरा-अपूरा सपना पूरा गर्ने उद्देश्य र बाटो एकीकृत जनक्रान्तिको नवीन कार्यदिशासहित विकास भएको नेकपा नै यसको मूल पक्ष बन्न पुगेको छ। जनयुद्धको मूल स्वामित्व पनि उसैसँग गएको छ। प्रचण्ड भजनमण्डलीहरू पुरानै प्रतिक्रियावादी संसदीय व्यवस्थामा फर्किसकेको अवस्थामा जनयुद्ध दिवस मनाउनु उनीहरूका निम्ति कुनै पनि कारणले नैतिकसम्म पनि मान्न सकिँदैन किनकि हिजो जसका विरुद्ध जनयुद्ध लाडियो, जुन व्यवस्थाका विरुद्ध जनयुद्ध लाडियो आज उही ठाउँमा उभिएर क्रान्तिकारीहरूलाई धारे हात लगाएर गालीगलौज र दमन गरिरहेको शक्तिले कुन नैतिकताले जनयुद्ध दिवस मनाउन सक्छ र ? हिजो त्यही काम शेरबहादुर, केपीहरू गर्थे आज प्रचण्डमण्डली पनि काँधमा काँध मिलाएर क्रान्तिकारीहरूलाई गरिरहेका छन्। क्रान्तिकारी शक्तिबाट विसर्जित भएर प्रतिक्रियावादीको बफादारी गरिरहनु पनि प्रतिक्रियावादी काम नै हो। अहिले प्रचण्डहरू सोही ठाउँमा पुगेका छन्।

२४ औं जनयुद्ध दिवस मनाइरहँदा जनयुद्धको ऐतिहासिकता, महत्व र सान्दर्भिकता भन् बढी उचो बढ्दै गइरहेको छ। नेपालमा जनवाद, समाजवाद र साम्यवादसम्म पुग्ने उद्देश्यसहित सुरु भएको जनयुद्ध बीचमा नै अलपत्र पारिएको अवस्थाबाट पुनः एकीकृत जनक्रान्तिका नाममा जुर्मुराएको छ। नयाँ संश्लेषित विचार, ऊर्जावान् क्रान्तिकारी नेतृत्व, नयाँ विकसित परिस्थितिको सही र वैज्ञानिक संश्लेषण आजको कार्यदिशा एकीकृत जनक्रान्ति विगतको जनयुद्धकालीन र क्रान्तिकारी आन्दोलनहरूको समष्टिगत रूप हो। जनयुद्धको महान् संश्लेषण एकीकृत जनक्रान्ति भएकाले जनयुद्धको स्वामित्व पनि त्यही विचार र कार्यदिशासँग रहेको छ।

# श्रम र राजनीतिबीचको अन्तर्सम्बन्धलाई बुझ्ने प्रश्न

### विषय प्रवेश

आज हामीकहाँ श्रम र राजनीतिबीचको अन्तर्सम्बन्धलाई बुझ्ने कुरामा गम्भीर समस्या देखापरेको छ। वास्तवमा श्रम के हो ? राजनीतिको भूमिकालाई कसरी बुझ्ने ? यी दुवैको बीचमा के सम्बन्ध छ ? यो विषयसम्बन्धी बुझाइले श्रमिकहरूको राजनीतिसितको सम्बन्ध र राजनीतिकर्मीहरूको श्रमसँगको सम्बन्धलाई निर्धारित गर्दछ। हाम्रो राजनीतिमा विशेषतः आजसम्मको संसद्वादी राजनीतिमा देखापरेको चरम विकृति, विसङ्गति, दलालीकरण र अपराधीकरण यही श्रम र राजनीतिबीचको अन्तरसम्बन्धलाई ठीक ढङ्गले पक्रन नसक्नुकै परिणाम हो।

यसको विकल्पमा हामीले कम्युनिस्ट अर्थनीति र वैज्ञानिक समाजवादी अर्थराजनीतिक प्रणालीमाथि जोड दिँदै यो समस्याको वैज्ञानिक समाधान प्रस्तुत गरेका छौं। यो समाधान वैज्ञानिक समाजवादी विचारधारा, दृष्टिकोण र अर्थराजनीतिक प्रणालीमा आधारित छ। यहाँ यससम्बन्धी छलफलको निमित्त विषयलाई प्रवेश गराउने प्रयत्न गरिएको छ।

### श्रम र यसको महत्वलाई बुझ्ने समस्या

श्रम मानवजीवनको केन्द्रीय प्रश्न हो। मानवजातिले आफ्नो अस्तित्व र विकासको निमित्त प्रकृतिसँग निरन्तर गर्दै आएको सङ्घर्ष नै श्रम हो। श्रमको स्वरूप भौतिक र मानसिक दुवै हुने गर्छ। श्रमको उद्देश्य वस्तु, चेतना र सेवाको उत्पादन र पुनरुत्पादन गर्नु हो। श्रम मात्र एउटा यस्तो आधार हो जसले मानिसलाई अन्य प्राणीभन्दा भिन्नै विवेकशील, सिर्जनशील र सामाजिक प्राणीका रूपमा विकसित गऱ्यो।

श्रमको भूमिकाले नै हामीलाई बाँदरबाट मनुष्यका रूपमा रूपान्तरित गऱ्यो। तर समाज र सामाजिक व्यवस्थाको विकासक्रमसँगै श्रमप्रतिको धारणाले आज एक हदसम्म विकृत रूप लिन पुगेको छ। समाजमा वर्गको अभ्युदयसँगै विकास भएको वर्गचिन्तन र वर्गदृष्टिकोणअनुरूप श्रमप्रतिको गलत धारणा विकास हुन पुगेको हो। यो धारणाको विकाससँगै श्रमप्रतिको घृणा र श्रमिकप्रतिको हेयभावले संस्थागत रूप लिन पुग्यो। आज हामीकहाँ व्याप्त श्रमप्रतिको चरम अरूचि र श्रमजीवीहरूमाथि देखाइने जुन ठालुपन छ, यो यसै परम्पराको विरासत हो।

श्रम मुख्यतः भौतिक श्रमलाई सामाजिकीकरण गर्ने कुरा, त्यसलाई मानव जीवनको अनिवार्य कर्मका रूपमा व्यवहारतः स्थापित गर्ने कुरा र यसमा प्रत्येक नागरिकहरूका लागि क्षमताअनुसार अनिवार्य सहभागिताको कुरालाई सुनिश्चित गरेर मात्र यो विषयको समस्यालाई समाधान गर्न सकिन्छ। साम्यवादी सिद्धान्तले यसलाई क्षमताअनुसार काम र आवश्यकताअनुसार मामका रूपमा सूत्रीकृत गरेको छ। यस सिद्धान्तले साम्यवादी समाजलाई मानवसमाजको विकासको सबैभन्दा उन्नत अवस्थाका रूपमा परिकल्पना गरेको छ।

यो सन्दर्भको प्रयोजनलाई आज प्रत्येक नागरिकहरूका लागि श्रम तथा उत्पादन अनिवार्य आवश्यकता र सहभागिताको विषय बनाउनुपर्ने कुराको अर्थमा बुझ्न जरुरी छ। श्रमप्रतिको अभिरुचिपूर्ण सहभागिता प्रत्येक नागरिकहरूको पहिलो कर्तव्य र उत्तरदायित्व हो र हुनुपर्छ। त्यसैगरी प्रत्येक नागरिकहरूको मानवीय आवश्यकताप्रतिको उत्तरदायित्व राज्यको हो र हुनुपर्छ। यसरी मात्र वास्तविक अर्थमा उन्नत स्तरको मानव समाज निर्माण सम्भव हुन्छ। यसरी मात्र श्रमप्रतिको आस्था र शोषणप्रतिको घृणालाई संस्थागत गर्न सकिन्छ।

प्रत्येक नागरिकहरूले आफ्नो पौरखप्रति गौरव गर्ने अवस्था त्यतिबेला मात्र सिर्जना हुन्छ, जतिखेर प्रत्येक नागरिकहरू (चाहे त्यो राज्यको उच्च ओहोदामा किन नहोस्) का लागि आफ्नै पौरखमा बाँच्ने बाध्यकारी व्यवस्थाको विकास हुनसक्छ। यस सन्दर्भमा जनगणतन्त्र कोरिया (उत्तरकोरिया) ले गरेको प्रयोग र त्यहाँ विकास भएको सामाजिक मनोविज्ञान हाम्रा लागि एउटा महत्वपूर्ण शिक्षा सामग्री बन्न सक्छ।

### राजनीति र यसलाई बुझ्ने समस्या

राज्यको ढाँचा, शासनप्रणाली र समग्र उत्पादन तथा वितरण प्रणालीलाई निर्देशित र नियमन गर्ने, विचार, दर्शन, सिद्धान्त र त्यसअनुरूपको नीति तथा कार्यक्रमको समुच्च रूप राजनीति हो। विचार, दर्शन, सिद्धान्त र उद्देश्यअनुसार राजनीतिका आआफ्नै कार्यदिशा, रणनीति र कार्यनीतिहरू हुने गर्छन्। राजनीतिमा विचार, दर्शन, सिद्धान्त र आदर्शको भूमिका सर्वाधिक रूपले महत्वपूर्ण हुन्छ। राजनीतिमा यी आधारभूत मापदण्डहरूबारेको सही समझदारीबिना राजनीतिक पार्टी वा व्यक्तिहरूले साँचो अर्थमा राजनीतिक भूमिका निर्वाह गर्न सम्भव हुँदैन। जब विचारमा स्पष्टता र सिद्धान्तमा पकड कमजोर हुन्छ तब राजनीतिमा विचारधारात्मक निष्ठा, सैद्धान्तिक प्रतिबद्धता र आदर्शको स्तर मूल्यहीन बन्न पुग्छ। आज देशमा संसद्वादी राजनीतिले भोग्दै आएको नियति यही हो।

यस अर्थमा सच्चा कम्युनिस्टहरूले राजनीतिमा विचार, दर्शन, सिद्धान्त र आदर्शको भूमिकालाई उच्च महत्वका साथ ग्रहण गर्छन्। यो असल कम्युनिस्टहरूको अन्तर्राष्ट्रिय परम्परा हो। कम्युनिस्ट राजनीति मालेमावादी विचार, दर्शन र आदर्शबाट निर्देशित हुने गर्छ। जब मालेमावादी विचार, दर्शन र आदर्शबाट कम्युनिस्टहरू च्यूत हुन पुग्छन्, उनीहरूको भ्रष्टीकरण र पतन पुँजीवादीहरूको भन्दा खराब हालतमा हुन पुग्छ। उनीहरूको निर्लज्ज महापतनको दयनीय हालत कस्तो हुन्छ भन्ने कुरा नेपालमा भापा विद्रोहका धोकेबाज केपीमण्डली र जनयुद्धका भगौडा प्रचण्ड-बाबुरामहरूको बेहालले देखाइसकेको छ।


समीर यात्री

पुँजीवादीहरू र दलाल पुँजीवादीहरू मात्र होइन, कम्युनिस्ट खोल ओढेका पुँजीवादका दलालहरूले समेत राजनीतिलाई विकृत धन्दाका रूपमा प्रयोग गर्दै आएका छन्। राजनीतिलाई मानव सेवाको साधनका रूपमा होइन, समाज रूपान्तरणको हतियारका रूपमा होइन, सुविधाजनक पेसाका रूपमा अँगाल्ने परम्परा बसेको छ। त्यसैले यो केही टाठाबाठाहरूको कमाइखाने भाँडो (कतिपय अर्थमा ठगीखाने भाँडो) बन्न पुगेको छ।

कर्म गरेर खान नसक्ने समाजको अल्छी र हुतिहारा तप्का राजनीतिप्रति आकर्षित किन भइरहेछ ? मानवीय नैतिक मूल्य र आदर्शभित्र रहनै नसक्ने असामाजिक तत्वहरू, अराजक, अनैतिक, हत्यारा, बलात्कारी, गुण्डा, डाँका र कुण्डलेमण्डलेहरू राजनीतिप्रति आश्रित किन भइरहेछन् ? त्यस्ता तत्वहरूलाई राजनीतिक पार्टीहरूले किन ससम्मान भित्र्याइरहेका छन् ? यसले दुईवटा कुरालाई सतहमा ल्याइदिएको छ। पहिलो, यसले श्रम तथा उत्पादनबिना नै उन्नत स्तरको जीवन बाँच्ने ठाउँ राजनीति हो भन्ने सन्देश प्रवाह गरेको छ। दोस्रो, यसले राजनीति अपराधीकरणतर्फ प्रवृत्त भइरहेको तथ्यलाई पुष्टि गरेको छ।

आज राजनीतिलाई सुविधाजनक पेसाका रूपमा अँगाल्दै गएपछि राष्ट्रको निमित्त यो अत्यन्तै खर्चिलो, बोझिलो र अनुत्पादक बन्न पुगेको छ। राजनीतिकर्मीहरू भौतिक श्रम र उत्पादनमूलक कार्यबाट कट्दै जाने र परनिर्भर जीवनशैलीको विकास हुँदै जाने अवस्थाले यसो हुन गएको हो। भौतिक श्रमबाट कट्दै जाने अवस्थाले राजनीतिकर्मीहरूको विशाल शक्तिलाई अनुत्पादक मात्र बनाउँदैन, यसले चिन्तन, दृष्टिकोण र संस्कारमा पनि समाज र राष्ट्रप्रतिको अनुत्तरदायी चरित्र विकास गर्दछ। आज संसद्वादी राजनीतिमा देखापरेको भ्रष्टीकरण, विकृति र विसङ्गतिको मूल आधार यही हो।

हाम्रा राजीतिकर्मीहरूले कुनै पार्टीका नेता वा कार्यकर्ताको हैसियत त राख्लान् तर जनताका वास्तविक नेता वा समाज र सामाजिक क्रान्तिका अगुवाको हैसियत कतिले राख्छन् ? यो विचारणीय पक्ष हो किनकि उनीहरू पार्टीका नेता वा कार्यकर्ता भएको हैसियतबाट आफूमातहतका समर्थक, शुभचिन्तक र आमजनतामाथि आदेश र अनुशासन बर्साउँछन्। उनीहरू आफूद्वारा अरू सबै निर्देशित र परिचालित हुनुपर्ने मान्यता राख्छन्। उनीहरू जनताको निमित्त राजनीति गरेकाले आफ्ना सबै वैयक्तिक इच्छा र चाहनाहरूको क्षतिपूर्ति जनताले भरिदिनुपर्ने सोचाइ राख्छन्। यही गलत सोचाइले नै उनीहरूलाई श्रम र श्रमजीवी जनजीवनबाट अलग बनाइरहेको छ। उनीहरू ठालु मनोदशाबाट ग्रसित हुन्छन्। राजनीतिक पार्टीहरूमा देखिने हाकिम प्रवृत्ति यसैको उपज हो।

हामी आज वैज्ञानिक समाजवादका लागि एकीकृत जनक्रान्तिको बाटोमा लामबद्ध छौं। हाम्रो यो बाटो प्रतिक्रान्तिका शिक्षासहितको बाटो हो। बीसौं शदीमा स्थापित समाजवादी सत्ताहरू ढल्न पुग्नु र चीनमा भएको प्रतिक्रान्तिपछि विजयको सन्निकट पुगेका क्रान्तिहरूसमेत पराजयमा टुङ्गिन पुग्नुको पछाडि रहेका कारणहरूमध्ये श्रम र राजनीतिबीचको अन्तरसम्बन्धलाई ठीक ढङ्गले बुझ्न र स्थापित गर्न नसक्नु पनि हो। यसलाई सच्याउँदै हाम्रो पार्टीले सबै तहका नेता-कार्यकर्ताहरूका लागि श्रम र उत्पादनमा अनिवार्य सहभागिता र पारदर्शिताको आर्थिक नीति विकास गर्दैछ।

यो मान्यता विगतको समाजवादी अभ्यासमा रहेका कमजोरी र प्रतिक्रान्तिका परिघटनाबाट शिक्षा लिँदै वैज्ञानिक समाजवादी अर्थराजनीतिक प्रणालीमा विकासको मौलिक योगदान गर्ने उद्देश्यतर्फ परिलक्षित छ। यो मान्यता श्रम र राजनीतिबीचको अन्तरसम्बन्धलाई बुझ्ने वैज्ञानिक समाजवादी विचारधारा, दृष्टिकोण र अर्थराजनीतिक प्रणालीको सुसङ्गत अभिव्यक्ति हो।

### निष्कर्ष

राजनीतिलाई श्रम तथा उत्पादन कार्यसँग र श्रम तथा उत्पादनकार्यलाई राजनीतिसँग अभिन्न रूपले जोड्न जरुरी छ। हरेक राजनीतिक नेता तथा कार्यकर्ताहरू भौतिक श्रम तथा उत्पादनसँग कुनै न कुनै रूपमा जोडिनैपर्छ। यसका निमित्त पार्टीले श्रम शिविर तथा सामाजिक विकास निर्माणका आवधिक योजनाहरू विशेष रूपले लागू गर्नैपर्छ। जनहितकारी कामका निमित्त पार्टीलाई योजनाबद्ध रूपले हेल्नैपर्छ। पार्टी सञ्चालनको निमित्त यसले नियमित स्रोतको आधार प्रदान गर्दछ। श्रमजीवी जनसमुदायमा सशक्त ऊर्जा र विश्वास विकास गर्छ। उनीहरूलाई राजनीतिक रूपले सचेत, सङ्गठित र प्रशिक्षित गर्ने काम गर्दछ।

यो मान्यताले सिङ्गो पार्टीपङ्क्तिमा श्रमप्रतिको भरपूर आस्था र श्रमजीवी जनसमुदायप्रतिको गम्भीर उत्तरदायित्वलाई स्थापित र विकसित गर्दछ। सामाजिक रूपान्तरणको अभिभारा कसले पूरा गर्न सक्छ भन्ने कुराको फैसला यही प्रक्रियाको बीचबाट हुनसक्छ। कुन पार्टी, कुन नेता वा कुन कार्यकर्ता सामाजिक राजनीतिक क्रान्तिको अभिभाराप्रति कति सचेत छ, कति इमानदार र निष्ठावान् छ भन्ने कुराको व्यावहारिक परीक्षण पनि यही प्रक्रियाको बीचबाट हुनसक्छ। यसरी मात्र राजनीतिलाई जनउत्तरदायी बनाउन सम्भव छ।

राजनीतिको जनउत्तरदायी धारालाई जसले ठीक ढङ्गले पक्रन सक्छ, त्यसले मात्र सामाजिक क्रान्तिलाई नेतृत्व प्रदान गर्ने हैसियत राख्छ। त्यसले मात्रै सामाजिक क्रान्तिको प्रवाहसँगै आफूलाई पनि वैचारिक सांस्कृतिक रूपले समृद्ध तुल्याउँदै सुन्दर भविष्य निर्माणको दिशामा अगाडि बढ्न सक्छ। जनउत्तरदायी धारालाई पक्रन नसक्नेहरू इतिहासको सङ्ग्रहालयमा थन्किन पुग्छन्। एकीकृत जनक्रान्तिको कार्यदिशाले प्रक्षेपण गरेको यो जनउत्तरदायी राजनीतिक धाराको मर्म, महत्व र औचित्य यहीँनेर छ।

राष्ट्रिय राजनीतिमा बढ्दै गइरहेको लुटतन्त्र, भ्रष्टाचार, विकृति, विसङ्गति, श्रमप्रतिको चरम अरुचि, गैरजिम्मेवारीपन र अपराधीकरणको गम्भीर समस्यालाई समाधान गर्ने सर्वोत्तम विधि वैज्ञानिक समाजवादी अर्थराजनीतिक प्रणाली नै हो। यसलाई एकीकृत जनक्रान्तिको माध्यमबाट हासिल गर्न सकिने निष्कर्षका साथ हामी अगाडि बढेका छौं। आजसम्मको मानवसभ्यताको अनुभवले पुष्टि गरेको सत्य के हो भने श्रमको समुचित महत्व तथा श्रम र राजनीतिबीचको अन्तरसम्बन्धलाई ठीक ढङ्गले पक्रने र दिशानिर्देश गर्ने कुरा वैज्ञानिक समाजवादी विचार र चेतनाबाट मात्र सम्भव छ। राजनीतिको जनउत्तरदायी धारालाई सफलताको बिन्दुसम्म पुऱ्याउने कुँजी यही नै हो।

# सागरमाथामा आवधिक समीक्षा र प्रशिक्षण सम्पन्न

ने.क.पा. द्वारा माघ १ गतेदेखि देशव्यापी सञ्चालित सङ्गठन सुदृढीकरण तथा विस्तार अभियान ३ सगरमाथा ब्युरोमा उदयपुर जिल्लाको चुरे पर्वत शृङ्खला महाभारतको पखेरामा सञ्चालित छ । उक्त अभियान एक महिना भएको सन्दर्भमा आवधिक सिंहावलोकन (समीक्षा) फागुन ५ गते बेलका न.पा. ५, खारखोलामा सम्पन्न भएको छ । उक्त कार्यक्रममा प्रमुख अतिथि तथा पार्टीका पूर्वी कमान्ड इन्चार्ज अनिल विरहीले 'सामाजिक दलाल व्यवस्थाको कारण देश राजनीतिक-आर्थिक सङ्कटमा फस्दै गएको, राष्ट्रिय अस्मितामाथि खेलबाड भएको' बताएका छन् । उनले सगरमाथामा सञ्चालित अभियानका अभियन्ताहरूलाई देशको राजनीतिक सङ्कटलाई संसदीय व्यवस्थाकै सङ्कटुका रूपमा अर्थ्याउँदै वैज्ञानिक समाजवादी क्रान्तिको विकल्प अनिवार्य भएको जिकिर गरेका थिए । उनले सागरमाथा र कोसी अञ्चलका लाखौँ जनताको उठीबास गराएर, तराईलाई भयानक जोखिममा पारेर दलाल सत्ता टिकाउन दिल्लीको आशीर्वाद प्राप्त गर्न प्रस्तावित कोसी उच्चबाँध बनाउन नदिने घोषणा गरे । अभियानका कमान्डर तथा केन्द्रीय सदस्य अमर झाँक्रीले क्रान्ति विज्ञान हो तर व्यक्तिले मात्र जित्न सकिन्न । जनशक्ति र दृढ मनोबल पनि आवश्यक हुन्छ । त्यसैले क्रान्ति भनेको कला पनि हो । अभियान क्रान्ति गर्ने कला हो भनेका थिए । उक्त कार्यक्रममा पार्टीका अर्का केन्द्रीय सदस्य निर्मलले देशको वस्तुगत आवस्था क्रान्तिका लागि अनुकूल बन्दै गएको कारण आत्मगत तयारी गर्ने अभियान सञ्चालन गरिएको बताएका थिए । अभियान असफल पार्न प्रशासनले पटकपटक आफ्ना कार्यकर्ता गिरफ्तार गरेको घटनाप्रति सबैजसो वक्ताहरूले आक्रोश पोखेका थिए । कार्यक्रममा नेता शैलेश, भोजपुर जिल्ला इन्चार्ज ज्ञानु, प्रेम, भोजबहादुर, सुमत, किरण विष्ट, केशव, दीपक (झापा) तिलक लामा (धनुषा), दुर्गा (मोरङ), अखिल (ताप्लेजुङ), अशोक (मोरङ), पूर्ण लामा, डीबी, शङ्कर (नुवाकोट), जितबहादुर, अभिषेक, मीनराज गिरी (कैलाली), नवीन, सुप्रिम, श्याम, प्रशान्तलगायतले आफ्नो कार्यक्षेत्रको प्रगतिविवरण (रिपोर्टिङ) प्रस्तुत गरेका थिए ।

अभियन्ताहरूले ठूलो आर्थिक सङ्कट र सरकारी दमनका बीच दृढ मनोबल र इच्छाशक्तिले अभियान सञ्चालन गरिरहेका छन् । लामो समय जेल बसेका जेलमा हातको घडी बेचेर खर्च टारेका वैद्यसँग विद्रोह गरेर पार्टी निर्माण गर्दा उदयपुरमा संस्थापक (पहिलो पहलकर्ता) समेत रहेका बाबुराम सुवेदीले पार्टीमा आफ्नो अथाह पीडा र समस्या कहिल्यै नराखेको सन्दर्भ प्रशान्तले राखेका थिए । कार्यक्रममा शैलेशले क्रान्तिका ५ आधारलाई ४ सङ्गठनात्मक इलाकासँग जोड्न अभियान सञ्चालन गरिएको बताएका थिए । कार्यक्रमको अध्यक्षता अभियान टोलीका प्रमुख अमर झाँकी र सञ्चालन सगरमाथा ब्युरोका वरिष्ठ सदस्य तथा कार्यालय सचिवसमेत रहेका शैलेशले गरेका थिए । टोलीले ८ हजार पर्चा, ४ सय रातो खबर साप्ताहिक वितरण गरेको समाचार छ ।

# नेकपाले दिलाइदियो पीडितलाई जग्गा

**ललितपुर** : नेपाल कम्युनिस्ट पार्टीले ललितपुरको गोदावरीस्थित दमाईडाँडामा रहेको हीरादेवी तिमल्सिनाको जग्गामा साँधसीमा छुट्ट्याएर किला गाडिदिएको छ । गोदावरी नगरपालिका वडा नम्बर १ को दमाईडाँडामा रहेको हीरादेवीको जग्गा लामो समयदेखि छिमेकी मनिराम खड्काले भोगचलन गर्दै आएका थिए । धनीपुर्जामा हीरादेवीको जग्गा भए पनि भोगचलन भने मनिरामले गर्दै आएको भन्दै वडा कार्यालयमा समेत उजुरी परेको थियो । हीरादेवीले आफ्नो धनीपुर्जामा भएको जग्गा छिमेकीले भोगचलन गर्दै आएकाले आफूले उक्त जग्गा फिर्ता पाउनुपर्ने माग गरेकी थिइन् । वडा कार्यालयले आफूलाई न्याय नदिएको भन्दै उनले न्याय दिलाइदिन विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीमा उजुरी गरेकाले उनलाई न्याय दिलाइदिएको पार्टीले जनाएको छ । शुक्रबार जग्गाको सिमाना छुट्ट्याएर किला गाडिदिएको नेकपा ललितपुरले जनाएको छ ।

# सहिद विमलको घर निर्माणमा खटिए नेकपाका नेता-कार्यकर्ता

**कालीकोट** : देशैभरि सङ्गठन सुदृढीकरण तथा विस्तार अभियान २ चलाइरहेको नेपाल कम्युनिस्ट पार्टीले देशका विभिन्न ठाउँमा जनतासँग विकास निर्माण, सामाजिक कार्यलगायत जनसेवामा कामहरूमा पनि लागिरहेको छ । राजनीतिक अभियान लिएर जनताका घरआँगनमा प्रवेश गरेको नेकपाले कालीकोटमा जनयुद्धका सहिद परिवारको घर निर्माणकार्यमा जुटिरहेको छ । नेकपा कालीकोटका नेता-कार्यकर्ता जनयुद्धका सहिद विमलको घर निर्माणकार्यमा जुटेका हुन् । साबिकको स्युना गाविसमा रहेको सहिद विमलको घर निर्माणमा आफ्नो पार्टीका नेता-कार्यकर्ताले श्रमदान गरिरहेको जानकारी नेकपाका कालीकोट जिल्ला सेक्रेटरी रणदीपले बताए । रणदीपका अनुसार नेकपाका नेता-कार्यकर्ता चिसो हिउँको समेत परबाह नगरी तीन सातादेखि सहिदको घर निर्माणकार्यमा लागिरहेका छन् । सहिद विमलको परिवारको घर निर्माणका लागि जिल्ला सेक्रेटरी रणदीपको नेतृत्वमा ३३ जनाको टोली खटिएको छ ।

# झापामा नेकपाका जवसहरूको संयुक्त जिल्ला सम्मेलन

**सर्गम श्रेष्ठ**, झापा

नेकपाका जनवर्गीय सङ्गठनको संयुक्त झापा जिल्ला सम्मेलन भद्रपुरमा सम्पन्न भएको छ । कार्यक्रमका प्रमुख अतिथि नेपाल कम्युनिस्ट पार्टीका पोलिटब्युरो सदस्य ओमप्रकाश पुन थिए । त्यसैगरी अखिल (क्रान्तिकारी) का अध्यक्ष चिरञ्जीवी ढकाल, मेची ब्युरो संयोजक, झापा जिल्ला संयोजक, झापा जिल्ला अध्यक्ष, इलाम जिल्लाका सेक्रेटरीलगायत झापाका विभिन्न क्याम्पसबाट ३,५०० भन्दा धेरै जनसमुदायको सहभागिता थियो ।

सम्मेलनबाट झापा जिल्लाका विभिन्न जनवर्गीय सङ्गठनको नयाँ नेतृत्व पनि चयन भएको छ । अखिल (क्रान्तिकारी) मा अध्यक्ष सञ्जय राई, उपाध्यक्ष बद्री पौडेल, सचिव आरएन क्षेत्री, सहसचिव सुदीप शाही ठकुरी, कोषाध्यक्ष करण थाहा र १७ जना सदस्य निर्वाचित भएका छन् ।

मजदुर सङ्गठनमा अध्यक्ष कुमार मैनाली, उपाध्यक्ष कृष्ण कुमाल, सचिव रमेश भट्टराई, कोषाध्यक्ष विमल राजवंशी छानिएका छन् । जिल्ला सदस्यहरू १३ जना छन् ।

युवा सङ्गठन नेपालमा अध्यक्ष सेसेहाङ, उपाध्यक्ष मौसम लिम्बू, सचिव अनिल मगर, कोषाध्यक्ष सपना धिमाल र २५ सदस्य छन् । किसान सङ्गठनमा अध्यक्ष डिल्ली गुरागाईं, उपाध्यक्ष प्रेम बुढाथोकी, सचिव गणेश दाहाल, कोषाध्यक्ष गोमा भट्टराई र १३ जना सदस्य छन् ।सुकुमबासी सङ्गठनमा अध्यक्ष कुलेन्द्र, उपाध्यक्ष स्टक घिमिरे, सचिव सुमन, कोषाध्यक्ष मुक्ति राजवंशी र १५ जना सदस्य छन् ।

# नेकपाको अभियानमा पार्टी प्रवेश गर्ने र पूर्णकालीन हुने लहर

नेपाल कम्युनिस्ट पार्टीले माघ १ गतेदेखि सुरु गरेको सङ्गठन सुदृढीकरण तथा विस्तार अभियानको प्रभावस्वरूप देशभरबाट पार्टीमा युवाहरूको आकर्षण बढ्नुका साथै पूर्णकालीन हुनेको सङ्ख्या बढेको छ । अभियान सुरु भएको केही दिनमै जनकपुर ब्युरोअन्तर्गत सिन्धुली जिल्लाबाट मात्रै तीनजना पार्टीमा पूर्णकालीन भइसकेका छन् । उक्त ब्युरोमा जारी अभियानको नेतृत्व पार्टी पीबीएम उमा भुजेल 'शिलु' ले गरिरहेकी छिन् । जिल्लाको गोलन्जर गाउँपालिकास्थित दमैडाँडाकी सुविक्षा नेपाली नेपाल कम्युनिस्ट पार्टीमा पूर्णकालीन कार्यकर्ता भएकी छिन् । छोरी सुविक्षालाई पार्टीमा पूर्णकालीन कार्यकर्ता बनाएर सीताले अभियान टोली प्रमुख शिलुको जिम्मा लगाइन् । यस घटनाले जनयुद्धको जीवन्त झल्को मिलेको प्रमुख शिलुले बताइन् । बिदाइको क्षणमा भावविभोर बनेकी आमा सीताले भनिन्, 'हामी सधैँ कति दबिएर बस्नु ? छोरीले राम्रो गरेर देखाउनुपर्छ । छोरी घरबाट गए पनि आमाभन्दा असल ठूली दिदीको साथमा गएकी छे । यसबाट म खुसी छु ।' छोरी क्रान्तिमा गएपछि आफूहरूले कसैको हेपाइ र चेपुवा सहनु नपर्ने विश्वास आमा सीताले व्यक्त गरिन् । सिन्धुलीबाटै राजु रम्तेल र राजु ठकुरी पनि पार्टीमा पूर्णकालीन भएका छन् । अभियानका क्रममा स्वेच्छाले नेपाली क्रान्तिमा भर्ती हुन चाहनेको स¤ya दैनिक बढेको छ ।

यस्तै सगरमाथा र कोसी व्युरोबाट ६-६ जना पूर्णकालीन भएका छन् । भोजपुरको अरुण गाउँपालिकाबाट धनबहादुर राई, सुमन राईलगायत रहेका छन् भने त्रियुगा नगरपालिका ६ बाट रामकृष्ण सदालगायत छन् । अभियान टोलीका प्रमुख तथा नेकपा केन्द्रीय सदस्य सञ्जीवले नेकपामा पूर्णकालीन हुनेको स¤ya र युवाहरूको आकर्षण बढेको बताए । उनले अन्य विभिन्न पार्टीमा सक्रिय राजनीति गरेका र निर्वाचनमा उम्मेदवार बनेकाहरू पनि पार्टी परित्याग गरेर नेकपामा प्रवेश गरिरहेको बताए । कोसी ब्युरोअन्तर्गत धनकुटाको साँघुरीगढी ७ बाट सहदेव राई, प्रकाश राई, थामबहादुर राई र देउमान राई अभियानकै क्रममा पार्टीमा पूर्णकालीन भएको समाचार प्राप्त भएको छ । यस्तै कैलालीबाट पनि अभियानकै क्रममा २० जना पूर्णकालीन भएको जानकारी जिल्ला इन्चार्ज विवेक कुमालले दिए ।

जनकपुर ब्युरोको अभियान टोलीकी प्रमुख शिलुले अभियानका क्रममा नेकपाप्रति युवा वर्गको आकर्षण बढेको बताइन् । जनताको घरदैलोमा पुगेर उनीहरूसँगै छलफल र जनश्रमदानमा अभियन्ताहरू जुटेको र यसले राम्रो प्रभाव पारेको उनको भनाइ छ ।

# जनयुद्धकालीन आधारगाउँमा नेकपाको पार्टी स्कुल

**जाजरकोट** : जनयुद्धको २४ औँ वार्षिकोत्सवसँगै फागुन ३ देखि ५ गतेसम्म नेपाल कम्युनिस्ट पार्टीको भेरी ब्युरोस्तरीय पार्टी स्कुलिङ कार्यक्रम सम्पन्न भएको छ । नेकपाका भेरी ब्युरोअन्तर्गत रहेका अगुवा कार्यकर्तालाई उक्त पार्टीको केन्द्रीय स्कुलिङ विभागले ३ दिनसम्म पढाएको छ । जनयुद्धकालीन आधारगाउँ जाजरकोटको रिम्नामा आयोजना गरिएको उक्त पार्टी स्कुलिङमा नियमित ३९ जना प्रशिक्षार्थी सहभागी थिए ।

नेकपाका पोलिटब्युरो सदस्य तथा स्कुलिङ विभागका सदस्य भरत बम 'रणवीर' को प्रमुख आतिथ्यमा भएको उक्त स्कुलिङ कार्यक्रमको अध्यक्षता भेरी ब्युरो सदस्य हिमशिखर र सञ्चालन ब्युरो सदस्य निलम आरसीले गरेका थिए भने स्वागत मन्तव्य जाजरकोट जिल्ला पार्टी सचिव के.बी. मल्लले दिएका थिए ।

पार्टी स्कुलमा कार्यक्रमका प्रमुख अतिथि रणवीरले दर्शनशास्त्र, पोलिटब्युरो सदस्य कृष्ण धमला 'गम्भीर' ले वैज्ञानिक समाजवाद, केन्द्रीय कार्यालय सचिव तथा केन्द्रीय सदस्य भेषराज भुसाल 'ध्रुव' ले राजनीतिक अर्थशास्त्र, केन्द्रीय स्कुलिङ विभाग सदस्य शेरकुमार खड्का 'गति' ले नेपाल कम्युनिस्ट पार्टीको इतिहास विषयमा पढाएका थिए । स्कुलिङमा सहभागी प्रशिक्षार्थीहरू उत्साह, उमङ्ग र जिज्ञासु भएर सहभागिता जनाएका थिए । कार्यक्रमको अन्तिममा प्रशिक्षार्थीका तर्फबाट सुर्खेतबाट रघुवीर, अभियान टोलीबाट ममता, परिवर्तन र जाजरकोटबाट दीप लामाले स्कुलिङले समीक्षात्मक भनाइ राखेका थिए । उनीहरूले स्कुलिङबाट थप अध्ययनमा रुचि, एकीकृत जनक्रान्तिको कार्यदिशाबारे प्रस्टता र पुरानो स्कुलिङको अन्त्य भई नयाँ स्कुलिङको सुरुआत भएको र अध्ययनशील बन्नुपर्ने प्रतिक्रिया दिएका थिए ।

कार्यक्रमको समापनमा प्रमुख अतिथि रणवीरले नेपाली क्रान्तिले धक्का खाएकाले अब एकीकृत जनक्रान्तिको माध्यमबाट वैज्ञानिक समाजवादमा पुग्नका लागि सिद्धान्तमा आर्जित ज्ञानलाई व्यवहारबाटमा अथवा जनसमुदायमा लैजानुपर्ने अथवा भौतिक शक्तिलाई सशस्त्र पार्नुभन्दा पहिले ज्ञानलाई सशक्त पार्नुपर्ने आवश्यकतामा जोड दिएको जाजरकोट रिम्नाबाट हिमशिखरले पठाएको समाचारमा उल्लेख छ ।

# रुकुमका अधिकांश गाउँ विप्लवमय

**रुकुम** : नेपाल कम्युनिस्ट पार्टीले पश्चिम रुकुममा सङ्गठन सुदृढीकरण तथा विस्तार अभियानलाई तीव्रता दिएको छ । अभियानकै क्रममा नेकपाले चौरजहारी नगरपालिका ७ नार्जी बजारमा जनसभा गरेको छ । कार्यक्रममा नेकपाका केन्द्रीय सदस्य चिरन पुन 'मिलन', भर्खरै पूर्वमाओवादी केन्द्र त्यागेर नेकपामा प्रवेश गरेका पूर्वब्रिगेड सहायक कमान्डर शिशिरलगायत नेताहरूले सम्बोधन गरेका थिए ।

कार्यक्रममा नेता मिलनले जनताको पार्टी नेकपा भएको बताए । उनले प्रचण्ड-बाबुरामले जनयुद्धलाई धोका दिए पनि आफूहरूले नदिने प्रतिबद्धता व्यक्त गरे ।

कार्यक्रममा पूर्व ब्रिगेड सहायक कमान्डर शिशिरले प्रचण्ड एमालेमा विलय भएर पुँजीवादमा रमाइरहेकाले त्यस पार्टीको अस्तित्व नभएको बताए । उनले हजारौँ जनतालाई लडाएर प्रचण्डले पुँजीवादी महलको आनन्द लिइरहेको पनि बताए । अबको विकल्प एकीकृत जनक्रान्ति नै रहेको उनको भनाइ थियो । विप्लवले नेतृत्व गरेको नेकपालाई साथ दिन उनले सबैलाई आग्रह गरेका थिए । कार्यक्रम नेकपा चौरजहारी नगर इन्चार्ज कपिलको अध्यक्षतामा भएको थियो ।

अभियानकै क्रममा नेकपाले पश्चिम रुकुममा आइतबार मात्र ९ वटा सङ्गठन निर्माण गरेको छ । सल्यान-रुकुम अभियान टोलीका नेता मिलनका अनुसार चौरजहारी नगरपालिका वडा नम्बर २ मा दिनेश सेक्रेटरी रहेको ७ सदस्यीय वडा समिति बनेको छ । यहाँ अनन्त प्रमुख रहेको ३ सदस्यीय जनपरिषद् (जनसत्ता) र निर्मल विक संयोजक रहेको ५ सदस्यीय युवा सङ्गठन वडा समिति गठन गरिएको छ । इन्द्रलाल गौतम संयोजक रहेको ३ सदस्यीय गाउँ एकाइ समिति गठन गरिएको नेकपाले जनाएको छ ।

नगरकै वडा नम्बर ३ मा कुले खत्री सेक्रेटरी रहेको ७ सदस्यीय पार्टी वडा समिति, सहदेव नेपाली प्रमुख रहेको ३ सदस्यीय जनपरिषद् (जनसत्ता), प्रदीप कार्की संयोजक रहेको ३ सदस्यीय युवाको स्यालखोला एकाइ समिति, धनबहादुर विक संयोजक रहेको ३ सदस्यीय किसान सङ्गठनको स्यालखोला एकाइ समिति र मानबहादुर विक संयोजक रहेको ३ सदस्यीय दलित स्यालखोला एकाइ समिति निर्माण गरिएको नेकपाले जनाएको छ ।

पश्चिम रुकुममा ४ वटा टिम विभाजन गरेर अभियानलाई तीव्रता दिइएको नेकपा रुकुमले जनाएको छ । अभियानमा केन्द्रीय सदस्य मिलन, केन्द्रीय सदस्य तथा रुकुम इन्चार्ज अटल, युवा सङ्गठनका अध्यक्ष पाटन, दैलेख जिल्ला इन्चार्ज विवेक, पश्चिम रुकुम सेक्रेटरी चन्द्र बुढा, जिल्ला जनपरिषद् प्रमुख चन्द्रबहादुर खड्कालगायतको सहभागिता छ ।

# मुक्तिका लागि कैलालीका थारूहरूको उद्घोष

**आशीष चौधरी**, कैलाली

'वैज्ञानिक समाजवाद ओ स्वायत्त गणराज्य प्राप्तिके लाग थारूवान आन्दोलन ! आत्मनिर्णके अधिकार ओ जातीय स्वशासनके लाग सातौँ जिल्ला सम्मेलन !!' मूल नारासहित राष्ट्रिय थारू मुक्ति मोर्चा कैलालीको सातौँ जिल्ला सम्मेलन सम्पन्न भएको छ । २४ औँ जनयुद्ध दिवसका अवसरमा फागुन १ गते नेपाल कम्युनिस्ट पार्टी कैलालीले मोर्चाको सम्मेलन भव्य रूपमा सम्पन्न गरेको हो ।

सम्मेलनले १५ सदस्यीय जिल्ला समिति चयन गरेको छ । समितिको अध्यक्षमा सीताराम थारू, उपाध्यक्ष सेरा थारू, सचिव उन्नति थारू, सहसचिव कमल थारू, कोषाध्यक्ष हरिराम थारू, सदस्यहरू राधा चौधरी, केआईसी थारू, प्रकाश थारू, प्रेम थारू, कालीचरण थारू, हीरादेवी थारू, चेतराम थारू, रन्जु थारू, ल्यप्टन थारू र सोनिया थारू छन् ।

सम्मेलनमा प्रमुख अतिथिका रूपमा नेकपा सेती ब्युरो सदस्य तथा थारुवान जनपरिषद् नेपालका प्रमुख रामबहादुर चौधरी 'महान्', विशिष्ट अतिथि कैलाली जिल्ला इन्चार्ज विवेक, कैलाली जिल्ला सेक्रेटरी प्रकाश, अतिथि नयाँ शक्ति पार्टीका संयोजक कृष्णकुमार चौधरी 'कुन्दन', थारू कल्याणकारिणी सभा कैलालीका कार्यवाहक सभापति माधव चौधरी, पार्टी जवसका सबै प्रमुख सहभागी थिए । कार्यक्रमको सञ्चालन कैलाली जिल्ला सचिवालय सदस्य एवम् जनसरकार प्रमुख करणले गरेका थिए । सम्मेलनका प्रमुख अतिथि नेकपा सेती ब्युरो सदस्य तथा थारुवान जनपरिषद् नेपालका प्रमुख रामबहादुर चौधरी 'महान' ले भने, 'धोका पाएको थारू समुदायलाई एकीकृत जनक्रान्ति र वैज्ञानिक समाजवादले मात्र थारू मुक्ति दिन सक्नेछ । जोखन र मंगलजस्ता महान् सहिदहरूले बगाएको रगत कुनै हालतमा खेर जान नदिने बताए । साथै समग्र आदिवासी जनजाति थारू समुदायको थारू आन्दोलनको अगुवाका रूपमा हाम्रो मोर्चाले सबभन्दा महत्वपूर्ण असल भूमिका निर्वाह गर्ने बताए । हामी अहिलेसम्म आँखा चिम्लिँदै थारू मुक्तिका निम्ति आफ्नो घरपरिवार त्यागेर क्रान्तिमा लागेका छौँ । दसबर्से जनयुद्धमा थारूहरूको भूमिका र बलिदान पनि सबैभन्दा बढी रहेको छ ।'

उनले भने, 'अब थारूहरू फेरि जुर्मुराएर नउठे थारू समुदायको अधिकार खोसिनेछ । त्यसैले एकीकृत जनक्रान्तिको कार्यदिशाबाट मात्रै सम्पूर्ण थारू समुदायको अधिकार प्राप्त हुने हो । नेपाल कम्युनिस्ट पार्टीले मात्रै आदिवासी जनजातिहरूको मुद्दा उठाएकाले प्रचण्ड-बाबुरामलगायत गद्दारले दिएको धोकाबाट पाठ सिक्दै हामीबाट धोका हुँदैन भन्ने स्पष्ट पार्नु आवश्यक छ ।' उनले थारू समुदायलाई एकीकृत जनक्रान्तिको कार्यदिशामा समेल हुन पनि आह्वान गरे । सम्मेलनमा सम्बोधन गर्दै जिल्ला इन्चार्ज विवेकले भने, 'जनयुद्धमा थारूको ठूलो बलिदान भएको छ । थारूहरूको मुक्तिका लागि नेपाल कम्युनिस्ट पार्टी सदैव साथमा रहनेछ । यहाँ थारूहरूको बाहुल्य भएको हुनाले विशेषतः थारूहरूले नै एकीकृत जनक्रान्तिमा अग्रणी भूमिका निर्वाह गर्नुपर्नेछ ।'

कार्यक्रममा जिल्ला सेक्रेटरी प्रकाशले भने, 'कम्युनिस्ट आन्दोलनमा सबैभन्दा बढी योगदान र बलिदान थारूहरूको भएको हुनाले अब एकीकृत जनक्रान्तिले मात्र थारूहरूको मुक्ति हुन्छ । टीकापुरको घटनालाई राजनीतिक आन्दोलनका रूपमा लिनुपर्छ । यो राज्यले निर्दोष थारूहरूलाई अहिले जेलमा राखेर राजनीतिबाट टाढा राख्न खोजिरहेको छ । यसको प्रतिवाद गर्नुपर्छ ।'

नयाँ शक्ति पार्टीका संयोजक कृष्णकुमार चौधरी 'कुन्दन' ले भने, 'थारूहरूको सम्मेलनले देश र जनताको मुक्ति गराउने नेतृत्व निर्माण गर्नुपर्छ । थारूहरूको हकहितका लागि नयाँ शक्ति पनि साथमा रहनेछ ।' समेलनमा थारू संस्कृति झल्किने सखिया नृत्यलगायत झाँकीहरू प्रस्तुत गरिएको थियो ।

# गिरफ्तार गरिएका नेकपाका ६ जना अभियानकर्मी रिहा

**उदयपुर** : नेपाल कम्युनिस्ट पार्टीका ६ जना नेता-कार्यकर्ता सोमबार रिहा भएका छन् । उनीहरूलाई उदयपुर जिल्ला प्रशासन कार्यालयले जनही पाँच सय धरौटी लिएर रिहा गरेको हो । रिहा हुनेहरूमा नेकपाका अग्रीम, मीन, अमृत, रीतु, गौरव र रामकृष्ण छन् । उनीहरूलाई सगरमाथा ब्युरोअन्तर्गत उदयपुरको त्रियुगा नगरपालिका १५ दहनबाट प्रहरीले गत माघ २६ गते जनतासँग अन्तरक्रिया गरिरहेको बेला गिरफ्तार गरेको थियो । शान्तिपूर्ण राजनीतिक भेला, सम्मेलन र जनभेटघाट गरिरहेको अवस्थामा सरकारले बिनाकारण आफ्ना नेता-कार्यकर्ता पक्राउ गरेको भन्दै नेकपा उदयपुरले बिनासर्त रिहाइको माग गरेको थियो । स्मरणीय छ, नेकपाले गत माघ १ गतेदेखि देशभरि दोस्रो चरणको सङ्गठन सुदृढीकरण तथा विस्तार अभियान चलाइरहेको छ ।

# जनयुद्ध दिवसमा जनवादी विवाह

जनयुद्धको समयमा महिला र पुरुष दुवैले प्रेम प्रस्ताव राखेपछि पार्टीले क्रान्तिको हित हुने गरी जनवादी विवाहको वातावरण बनाइदिने गर्थ्यो । नेपाल कम्युनिस्ट पार्टीमा अहिले पनि त्यसरी जनवादी विवाह गर्ने चलन छ । कैलालीको घोडाघोडी नगरपालिका-१२ पहलमानपुर (वनवर्षा) मा त्यसैको निरन्तरताको शैलीमा २४ औँ जनयुद्ध दिवसको अवसर पारेर एक लालजोडीको जनवादी विवाह भएको छ ।

जनयुद्ध कालको झझल्को दिने गरी नेपाल कम्युनिस्ट पार्टी निकट अखिल (क्रान्तिकारी) का केन्द्रीय सदस्य झलक विक र मीना चौधरीबीच अन्तरजातीय जनवादी विवाह भएको हो । वर र बधुले एकअर्कालाई फूलमाला र अबिर लगाएका थिए । समाजको बढ्दो विकृतिलाई चुनौती दिँदै विक र चौधरीले अन्तरजातीय जनवादी विवाह गरेका हुन् । उक्त विवाह राष्ट्रिय थारू मुक्ति मोर्चाको आयोजनामा सम्पन्न भएको हो ।

# किन तर्सिन्छन् शासकहरू जनताका गीत–सङ्गीतबाट



अशोक सुवेदी

लोककलाकार पशुपति शर्माको लुट्न सके लुट गीतमाथि सरकारले लगाएको प्रतिबन्धका कारण अहिले समाज तातेको छ। सरकारी नेकपाका कुनै पात्रले फोन गरेरै शर्मालाई उक्त गीत यूट्युबबाट हटाउन धम्की दिएपछि र शर्माले उक्त कुरा सार्वजनिक गरी गीत यूट्युबबाट हटाएपछि वर्तमान सरकार गलत कामकारबाहीबाट आहत नेपाली समाज पशुपति शर्माका पक्षमा जुरुक्क उठ्यो र गीतको समर्थन गऱ्यो। गीतले पीडित र आक्रोशित जनसमुदायका पीडाहरूलाई सम्बोधन गर्दै वर्तमान शासकहरूका कर्तुतहरू उदाङ्गो पार्ने प्रयास गरेको थियो। गीतका केही शब्द यस्ता थिए :

गणतन्त्र ल्यायेम् भन्छम् फालेम् भन्छन् राजा
त्यै फालेका राजाजस्ता कैयौँ निस्के आज
जनताको मुटुभित्र काँडा कतिकति !
डेढ अर्बको हेलिकोप्टर चढ्छिन् राष्ट्रपति
लुट्न सके लुट कान्छा लुट सके लुट
अरू देशमा पाइँदैन नेपालमै हो छूट।

गीत प्रगतिवादी र क्रान्तिकारीभन्दा पनि प्रगतिशील चेतनाबाट प्रभावित यथार्थवादी छ। असन्तुष्ट जनसमुदायको हृदय छुने खालको छ। यही कारण शासनसत्तामा बसेका मानिस प्रलापपूर्ण धम्कीमा उत्रिए। उनको गीतले भनेको थियो :

वाइडबडी जहाज किने अरे लुट्नुसम्म लुटे
सुनकाण्ड खै कहाँ पुग्यो जेलमै छन् कि छुटे
ठूलै नेता भ्रष्टाचारी न डराउँछन्-लुक्छन्
कार्याकर्ता क्यै बुझ्दैनन्, कुकुरजस्तै भुक्छन्...

पशुपतिको यो गीत यथार्थभन्दा टाढा छैन। स्रष्टाहरू स्वाभाविक रूपमै आलोचक हुन्छन्। असङ्गति, विसङ्गति र जालझेल रुचाउँदैनन्। प्रगतिशील चेतनाका हुन्छन्। राज्यसत्ताले जनतामाथि गरेको दमन, अन्याय, अत्याचर र जालझेलको विरोध नगर्ने स्रष्टा प्रगतिशील हुन सक्तैन। नाउँमा प्रगतिशील झुन्ड्याउँदैमा कोही प्रगतिशील हुन सक्तैन। यसरी एउटा स्रष्टाको सिर्जनाको हत्या गर्ने सत्ताविरुद्ध चुँ नबोल्नेहरू प्रगतिशील हुन सक्तैनन्।

२०५२ सालमा तत्कालीन अखिल नेपाल जनसांस्कृतिक सङ्घका केन्द्रीय सदस्यसमेत रहेका सामना परिवारका कलाकार ध्रुव ज्ञवाली (जनयुद्धका सहिद) ले गाउनुभएको थियो :

क्रान्तिकारी
निस्क न झट्टै निस्क
बन्दुक बोकेर निस्क

यही गीतसमेत समेटिएका अभिवादन र हुरी चल्दैछ, आँधी आउँदैछ नामका गीति एल्बमहरू तत्कालीन सरकारले बजारबाटै जफत गरेको थियो। त्यतिबला पनि समाज दुई भागमा विभाजित भएको थियो। सच्चा प्रगतिशीलहरू (कथित प्रगतिशील होइन), प्रगतिवादी अर्थात् मार्क्सवादी स्रष्टाहरूले सरकारको उक्त निन्दनीय कामको विरोध गरेका थिए। यिनै सन्दर्भहरूलाई लिएर सहिद कृष्ण सेन 'इच्छुक' ले त्यतिबेला लेख्नुभएको थियो :

हाम्रा स्वरहरूमा प्रतिबन्ध लगाउँदै
हाम्रा ओठहरूमा ताल्चा झुन्ड्याउँदै
तिमी भन्छौ- गाउन त गाऊ
तर यो गीत नगाऊ
हामी भने त्यही गीत गाइरहन्छौँ !
हाम्रा विचारमा प्रतिबन्ध लगाउँदै
हाम्रा हातहरूमा हत्कडी पहिऱ्याउँदै
तिमी भन्छौ- लेख्न त लेख
तर यो गीत नलेख




हामी भने त्यही गीत लेखिरहन्छौँ !

यस्तै गीत लेखेका कारण इच्छुकले मारिनुपऱ्यो।

१९७७ सालमा मकैको खेती पुस्तकका लेखक कृष्णलाल अधिकारीले राणाशासकहरूलाई मकैमा लाग्ने रातो टाउको र कालो टाउको भएका कीरा विदेशी कुकुरसँग तुलना गरेका थिए। राणा शासक चन्द्रशमशेरले कृष्णलाललाई जेलमा हाले र त्यहीँ सडाएर मारे।

यसै सन्दर्भमा पशुपति शर्माको गीत यूट्युबबाट हटाइएको विरोधमा नेकपाको सांस्कृतिक मोर्चा अखिल नेपाल जनसंस्कृतिक महासङ्घका अध्यक्ष माइला लामाले विज्ञप्ति जारी गर्नुभएको छ।

केपी-प्रचण्ड गठबन्धन सरकारले गायक पशुपति शर्माको 'लुट कान्छा लुट, सकेजति लुट अरू देशमा पाइँदैन नेपालमै हो छुट' शीर्षकको जागरणमूलक गीत बन्द गराएको छ। सरकार, सरकारका केही मन्त्री र सरकारनिकट भ्रातृ सङ्गठनको धम्कीपूर्ण चर्को दबाबपछि उक्त गीतलाई अहिले यू ट्युबबाट हटाइएको छ। पशुपति शर्मा जस्तोसुकै परिस्थितिको सामना गर्न तयार हुनुपर्छ।

उक्त विषयलाई लिएर नेपाल कम्युनिस्ट पार्टीको सांस्कृतिक मोर्चा अखिल नेपाल जनसांस्कृतिक महासङ्घले विरोध तथा भर्त्सना गर्दै सरकारको यस्तो किसिमको रबैयाको निकृष्ट र निर्लज्ज सामाजिक फासिवादी हर्कत भएको जनाएको छ। नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्यसमेत रहेका अखिल नेपाल जनसांस्कृतिक महासङ्घका अध्यक्ष माइला लामाले प्रेसविज्ञप्ति प्रकाशित गर्दै गम्भीर ध्यानाकर्षण भएको बताउनुभएको छ। विज्ञप्तिमा भनिएको छ, 'केपी-प्रचण्डको सरकार यतिबेला दुईतिहाइको कम्युनिस्ट आवरणमा दिन-प्रतिदिन देश र जनताका विरुद्ध जाइलाग्दै आएको छ। 'शान्ति र समृद्धि' को भाषण गरेर नथाक्ने यो सरकारले पशुपति शर्माको 'लुट कान्छा लुट सकेजति लुट अरू देशमा पाइँदैन नेपालमै हो छुट' बोलको जागरणमूलक गीतमाथि जाइलाग्दै बन्द गराएको छ। सरकार, सरकारका केही मन्त्री र सरकारनिकट भ्रातृ सङ्गठनको धम्कीपूर्ण चर्को दबाबपछि यो गीतलाई अहिले यू ट्युबबाट हटाइएको छ। सरकारको यो हददर्जाको निकृष्ट रबैयाप्रति हाम्रो सङ्गठनको गम्भीर ध्यानाकर्षण भएको छ। यो सरकारको अर्को निकृष्ट र निर्लज्ज सामाजिक फासिवादी हर्कत हो। नेपाली समाज आज विभिन्न समस्याबाट गुज्रिरहेको छ। अधिकांश समस्याका मुख्य कारक तत्व सरकार आफैँ बन्न पुगेको छ। सरकारको यस किसिमको रबैयाको चारैतिरबाट विरोध र भर्त्सना पनि हुँदै आएको छ। यही विरोध, भण्डाफोर र जनजागरणस्वरूप पशुपति शर्माले प्रस्तुत गीतबाट नेपाली जनताका बीचमा जुन जागरण फैलाउन कोसिस गर्नुभएको छ त्यसका निम्ति हामी पशुपति शर्मालाई धेरैधेरै धन्यवाद दिन चाहन्छौँ। देशभक्त, क्रान्तिकारी, परिवर्तनप्रेमीहरूलाई कथित दुईतिहाइको दम्भमा बन्दुक र बुटको आतङ्क सिर्जना गर्दै देश र जनताका विरुद्ध उभिएको यो सरकारका विरुद्ध गीतबाट यति बोल्नु पनि साहसिक कार्य हो। यस्तो साहसिक कार्य गर्नुभएकोमा हामी उहाँलगायत यो गीतसित सम्बद्ध सबैलाई हार्दिक बधाई पनि भन्न चाहन्छौँ।'

विज्ञप्तिमा भनिएको छ, 'नेपालको हरेक राजनीतिक परिवर्तनमा नेपालका लेखक, साहित्यकार तथा कलाकारहरूले आआफ्नो क्षेत्रबाट महत्वपूर्ण योगदान दिँदै आउनुभएको छ। महान् जनयुद्धमा कलाकारहरूको अत्यन्त महत्वपूर्ण भूमिका थियो। जनयुद्धका क्रममा कैयौँ कलाकारले बलिदानको कोटा चुक्ता गर्नुभयो। जनविरोधी शासनव्यवस्था अस्वीकार गरेकै भरमा कवि कृष्ण सेन 'इच्छुक' लाई सत्ताले महेन्द्र पुलिस क्लबमा कुटीकुटी हत्या गरेको थियो। जनआन्दोलनका क्रममा सहरका कलाकारहरूले सडकमै उत्रिएर परिवर्तनको स्वर घन्काउनुभएको थियो। जुन कलाकारको परिवर्तनको स्वर र बलिदानले वर्तमान सरकार सत्तासीन हुन पुगेको छ, आज तिनै कलाकारलाई यो सरकारले दुस्मन ठानिरहेको छ। यो आश्चर्यको विषय हो।'

विज्ञप्तिको अन्त्यमा भनिएको छ, 'कुनै पनि देशका न्यायप्रेमी तथा स्वतन्त्रताप्रेमी नागरिक खराब शासक र खराब व्यवस्थालाई स्वीकार्न बाध्य छैनन्। कलाकारलाई गीतका माध्यमबाट आफ्ना भावना व्यक्त गर्न रोक लगाउनु सरासर फासिवादी चिन्तनको उपज हो। यसले सरकार जनताको कुरा सुन्न तयार छैन भन्ने कुरालाई नै प्रमाणित गर्दछ। जनताका मौलिक हकअधिकारका विरुद्ध स्वयम् सरकार उभिएपछि यतिबेला तिनका विरुद्ध सशक्त प्रतिवाद गर्नु, प्रतिरोध गर्नु जनताको नैसर्गिक अधिकार बन्न पुगेको छ। आज राष्ट्रियता, जनतन्त्र र जनजीविकाको प्रश्न गम्भीर मोडमा पुगेको त छँदैछ, सरकार जनताका लेखक, साहित्यकार तथा कलाकारलाई खतरनाक दुस्मन ठान्दै तिनका विरुद्ध व्यापक दमनमा उत्रिएको छ। पशुपति शर्मा र उहाँको उक्त गीतमाथिको प्रतिबन्धलाई हामीले फासिवादी प्रकरणको निरन्तरताको नयाँ परिघटनाका रूपमा लिएका छौँ। अखिल नेपाल जनसांस्कृतिक महासङ्घले जनताका हरेक न्यायपूर्ण परिवर्तनकारी राजनीतिक-सांस्कृतिक आन्दोलनमा महत्वपूर्ण भूमिका निर्वाह मात्र गरेको छैन, इच्छुकलगायत १७० भन्दा बढी सांस्कृतिक योद्धाहरूले बलिदानको कोटा चुक्ता गरिसक्नुभएको छ। हाम्रो सङ्गठन जनताका आवाज-भावना मुखरित गर्ने कुनै पनि कलाकार र तिनका सिर्जनकर्ममाथि हुने दमनका विरुद्ध उभिन चाहन्छ। प्रतिरोध गर्न चाहन्छ। जनताका आवाज मुखरित गर्ने गीतलाई प्रतिबन्ध लगाइनु अत्यन्त निन्दनीय छ। यसर्थ हामी जनताका पक्षमा उभिने कुनै पनि कला तथा कलाकारको अभिव्यक्ति स्वतन्त्रतालाई सम्मान गर्न सम्बन्धित पक्षसित अपिल गर्दछौँ। अन्यथा हामी यो सरकारका विरुद्ध सशक्त प्रतिरोध गर्न बाध्य हुनेछौँ। यसबाट उत्पन्न हुने परिस्थितिको भागीदार स्वयम् सरकार हुने कुरा पनि हामी यसै विज्ञप्तिमार्फत चेतावनी दिन चाहन्छौँ।'

अन्त्यमा पशुपति शर्माको गीतको एक अंश उल्लेख गर्दै यो टिप्पणी यही अन्त्य गर्छु :

हजुर बा नि यसै मरे बाउ नि यसै मर्छन्
हाम्रो पनि त्यै हो गति विकास कैले गर्छन्
गर्ने काम केही हैन ठूलाठूला भाषण
स्वर्गजस्तो देशमा हजुर यमराजको शासन ...

## कविता

### प्रतिबन्ध



कृष्ण सेन 'इच्छुक'

हाम्रा स्वरहरूमा प्रतिबन्ध लगाउँदै,
हाम्रा ओठहरूमा ताल्चा झुन्ड्याउँदै,
तिमी भन्छौ- गाउन त गाऊ
तर यो गीत नगाऊ
हामी भने त्यही गीत गाइरहन्छौँ !
हाम्रा विचारमा प्रतिबन्ध लगाउँदै
हाम्रा हातहरूमा हत्कडी पहिऱ्याउँदै
तिमी भन्छौ- लेख्न त लेख,
तर यो गीत नलेख
हामी भने त्यही गीत लेखिरहन्छौँ !
हाम्रा आस्थाहरूमा प्रतिबन्ध लाउँदै
हाम्रा खुट्टाहरूमा नेल भिराउँदै
तिमी भन्छौ- हिँड्न त हिँड
तर यो बाटो नहिँड
हामी भने त्यही बाटो हिँडिरहन्छौँ !
ओ शासक-प्रशासकहरू !
अस्वीकार्य छ हामीलाई
तिम्रा निरङ्कुश आदेशहरू
तिमी जतिसुकै हुकुम र फरमानहरू जारी गर
तिमी जतिसुकै जुलुम र उत्पीडनहरू सुरु गर
सक्छौ भने हाम्रा चेतनाहरूमा प्रतिबन्ध लगाऊ
र सत्यलाई कैद गर
तर ओ तानाशाहहरू !
तिम्रा बर्बर स्वेच्छाचारका विरुद्ध
हामी भने निरन्तर आवाज उठाइरहन्छौँ !
उठाइरहन्छौँ हामी तिम्रा विरुद्ध सङ्घर्षका हातहरू
कसिरहन्छौँ हामी तिम्रा विरुद्ध विद्रोहका मुट्ठीहरू !
ओ अत्याचारका पहरेदारहरू !
अन्तिम जित हाम्रै हो
तिम्रो हारमाथि विजयको झन्डा गाड्दै
हामी भने अथक र अविचल
अन्तिम युद्ध लडिरहन्छौँ !

# रगतको भेलबाट सिर्जित हाम्रो महान् सपना



प्रकाश मल्ल

२४ औँ जनयुद्ध दिवस र सहिद सप्ताह मनाउँदै गर्दा महान् वीर योद्धा, सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्नु हाम्रो कर्तव्य हुन आउँछ। आज देश लोकतान्त्रिक गणतन्त्र नामको ब्यानरसम्म पुगेको छ। कथित संविधानको एक खोस्टो पनि कागजमा देखिन्छ। यहाँसम्म आइपुग्दा शान्तिसम्झौता, अन्तरिम संविधान, गर्भमै तुहाइएको संविधानसभा हुँदै यहाँसम्म ल्याइपुऱ्याउने नेपाली जनता र जनयुद्धको समीक्षा गर्न अत्यावश्यक छ बाह्रबुँदे समझदारी, सहमतिपत्रको गम्भीर समीक्षा गर्न जरुरी छ। शान्तिसम्झौताको पनि सही समीक्षा र उचित निष्कर्षमा पुग्न अति आवश्यक छ। यहाँ दलालहरू कथित संसद्वादीहरूले माओवादी आन्दोलनको व्यवस्थापन भयो। अब देश समृद्धितिर जाने हो भनेर मुकुन्दे बोली बोलिरहेका छन्।

यहाँ माओवादीका नाममा केही भुरेटाकुरे गनाएका, वर्गघाती, धोकेबाजको व्यवस्थापनले माओवादी आन्दोलनको व्यवस्थापन हुँदैन। माओवादीका नाममा केही कायरहरूको आत्मसमर्पणकारीहरूको वर्ग परिवर्तन गराएर समग्र माओवादीहरूको व्यवस्थापन भएको देख्नु भनेको दिउँसै रात पार्ने गल्ती गर्नु हो। यो देशलाई यो समयसम्म पुऱ्याउन आफ्नो जीवनको आहुति दिनेहरूको रगतको भेलबाट सिर्जित हाम्रो महान् सपना जीवितै छ। कम्युनिस्ट पार्टी नेता-कार्यकर्ताको अथक अभियान जारी नै छ। माओवादी मुक्ति आन्दोलनबाट सिर्जित संविधानसभा, समानुपातिक प्रणाली, आत्मनिर्णयको अधिकारजस्ता महान् मुद्दामा आज सामाजिक फासिवादीहरूको हालिमुहाली बनेको छ। जनमुक्ति सेनाको रक्तरञ्जित इतिहासलाई आज दलालहरूले नामेट गर्ने दुष्प्रयास गर्दैछन्। बालुवाटार र नयाँबानेश्वरको राष्ट्रघाती, भ्रष्टाचारी, बलात्कारीहरूको रङ्गमञ्चबाट कुर्लिरहेका छन् खबरदार दानवहरू जनमुक्ति सेना नभएको भए आज तिमीहरू भ्रष्टाचारी, सहिदका सपना बेचेर खानेहरू कतिपय ज्ञानेन्द्रका जेलमा सडिरहेका हुन्थ्यौ, तिम्रा किड्नीमा कीरा परिसक्थे कतिपय त ज्ञानेन्द्रका चर्पी सफा गर्ने नोकरीमा हुन्थ्यौ। तिमीहरूलाई रछ्यानबाट उठाएर सिंहदरबारमा जनमुक्ति सेनाको बलिदान र अथक मेहनतले मात्रै पुऱ्याएको हो। यत्रो महान् बलिदान गर्ने, शरीरका अङ्ग गुमाउने मृत्युवरण गर्नेहरूको आज कतै पनि सम्बोधन भएको देखिँदैन। खबरदार फासिवादीहरू ! तिम्रो लूटको स्वार्थ ध्वंस गर्नजसरी प्रचण्डले विसर्जन गरेको नेपाली क्रान्तिको झन्डा क्रान्तिकारीहरूले चिहानबाट उठाएर क्रान्तिको विजययात्रामा अघि बढाइरहेका छन्। ठीक त्यसै गरेर जनमुक्ति सेना पनि चिहानघाटबाट क्रान्तिकारी मुर्दा बनेर लुटखसोटको स्वर्गको अन्त्य र स्वर्णिम वैज्ञानिक समाजवादी व्यवस्था स्थापनाका लागि एकीकृत जनक्रान्तिको महान् अभिभारा बोकेर अगाडि बढिरहेको छ। नेपाली श्रमजीवी क्रान्तिकारी जनसमुदाय र जुझारु युवाहरूलाई एकीकृत जनक्रान्तिको बाटो हुँदै वैज्ञानिक समाजवादी व्यवस्थामा पुग्ने एक मात्र आजको सही विज्ञानको बाटोमा लामबद्ध हुन हार्दिक आह्वान गर्दछु।

आज पुँजीवादले हाम्रो समाजलाई एकीकृत गर्नुभन्दा पनि नातावाद-कृपावादमा, सामाजिक विकृति-विसङ्गति, भ्रष्टाचार, विकासका नाममा राष्ट्रघात, बलात्कार, महँगी चर्को कर मूल्यवृद्धिमा परिणत भएको छ। सामजिक सहिष्णुताभन्दा पनि जाति-जनजाति, पूर्व-पश्चिम, पहाडी-मधेसी, थारू भनेर, सामाजिक सद्भाव खलबल्याएर आफ्नो व्यक्तिगत स्वार्थपूर्तिमा सामाजिक फासिवादीहरू आफ्नो लुटको स्वर्ग जोगाउन लागिरहेका छन्। यसबाट क्रान्तिकारीहरू र क्रान्तिकारी जनसमुदाय सचेत हुन जरुरी छ। यसको सही समाधान भनेको एकीकृत जनक्रान्तिको महान् मुक्तिको बाटो मात्र सही र एक मात्र उचित बाटो हो। यसमा हामी सहभागी हुन अबेर नगरौँ। २४ औँ जनयुद्ध दिवसको शुभअवसरमा हामीले जनयुद्धदिवससहित 'वैज्ञानिक समाजवाद ओ स्वायत्त गणराज्य प्राप्तिके लाग थारू आन्दोलन, आत्मनिर्णयके अधिकार ओ जातीय स्वशासन के लाग सातौँ जिल्ला सम्मेलन' मूल नारासहित कैलालीमा थारूको सम्मेलन सम्पन्न गरेका छौँ। सम्मेलनले महान् जनयुद्धमा थारू जातिको गौरवमय बलिदान गर्ने कमरेड जोखन थारू मङ्गल थारूलगायत सयौँ वीर योद्धाको सपना बोकेर एकीकृत जनक्रान्तिको महान् यात्रामा अघि बढ्ने उद्घोष पनि गरेको छ। सदियौँदेखि सामन्ती राज्यव्यवस्था र आफूले बलिदान गरेपछि घुसपैठ गरेर अघि आएको लोकतान्त्रिक दलाल व्यवस्थाबाट पनि पीडित भएको पछिल्लो चरणमा आफ्नो सत्ताको खोजीका लागि इमानदार थारूहरूले गरेको टीकापुर आन्दोलन पनि केही अति जातिवादी, विदेशीका एजेन्टले आफ्नो व्यक्तिगत स्वार्थपूर्तिमा परिणत गरेपछि त्यसबाट पाएको धोकाबाट पाठ सिक्दै थारूहरूको अथक मेहनतलाई विज्ञानसँग जोड्ने एकीकृत जनक्रान्तिको सिद्धान्तसँग जोडिने प्रण गर्नुभएकोमा पनि हृदयदेखि धन्यवाद दिनुपर्छ।

## राजनीतिक सत्ताको ...

२२४)।

उहाँहरूले संश्लेषण गर्नुभएका यी विचारले प्रस्ट गर्छ- कम्युनिस्टहरूले सत्ताको विषयलाई मुख्य बनाएर मात्र आजको पुँजीवादी दुनियाँलाई समाधान गर्न सकिन्छ। मार्क्स-एङ्गेल्सको निधनपछि बर्नस्टिनले मार्क्सको सत्ता प्रधान दृष्टिकोणलाई संशोधन गर्ने प्रयत्न गरे र उनले 'सत्ता मुख्य होइन, आर्थिक सुधार मुख्य हो' भन्ने दृष्टिकोण अगाडि सारे। यसले मजदुरवर्ग र क्रान्तिकारी आन्दोलनमा भ्रम पैदा गर्न खोज्यो। यही विचारबाट मजदुर आन्दोलनमा केही नेता पनि पैदा भए। उनीहरूले सत्ताको लक्ष्यलाई त्यागेर पुँजीपतिवर्गसँग मिलेर सरकार चलाउने र सुविधा लिनेमा पुगे। यसखालको प्रवृत्तिलाई तीखो प्रहार गर्दै लेनिनले भन्नुभयो, 'राजनीतिको क्षेत्रमा संशोधनवादले मार्क्सवादको आधार, यो वर्गसङ्घर्षको शिक्षामा संशोधन गर्ने सचमुच प्रयत्न गऱ्यो। हामीसँग भने कि राजनीतिक स्वतन्त्रता, जनवाद र सार्विक मताधिकार वर्गसङ्घर्षको आधारलाई निस्तेज (कमजोर) गरिदिन्छ, साथै 'कम्युनिस्ट घोषणपत्र' को यस पुरानो प्रस्तावनालाई गलत बनाइदिन्छ कि मजदुरहरूको कार्य पितृदेश हुँदैन। जब कि जनवादमा 'बहुसङ्ख्याको इच्छा' प्रभुत्वशाली हुन्छ। यसकारणले राज्यलाई वर्गीय प्रभुत्वको उपकरणका रूपमा हेर्नु हुँदैन। साथै प्रतिगामीहरूको विरुद्ध प्रगतिशील, सामाजिक-सुधारवादी बुर्जुवावर्गको साथ गठजोडबाट इन्कार गर्नु हुँदैन।'

(लेनिन सङ्कलित रचना, हिन्दी संस्करण, भाग ३, मार्क्सवाद र संशोधनवाद, पृ. ३८०)।

उहाँले यसरी सोच्ने सुधारवादी पुँजीवादका विरुद्धमा वैज्ञानिक समाजवादी सत्ताको कार्यक्रमलाई अगाडि सार्नुभयो र क्रान्ति सङ्गठित गर्नुभयो। लेनिनको नेतृत्वमा महान् अक्टोबर क्रान्ति सफल भएर वैज्ञानिक समाजवादी सत्ता स्थापना भएपछि श्रमिक वर्गीय आन्दोलनमा संशोधनवादी धारा परास्त हुन पुग्यो र वैज्ञानिक समाजवादी सत्ताको धारा सशक्त प्रकारले हाबी हुन पुग्यो।

लेनिन-स्टालिनको निधनपछि वैज्ञानिक समाजवादी सत्तासम्बन्धी दृष्टिकोणमा पुनः संशोधनवाद उठ्न पुग्यो। रुसको ख्रुस्चोभले तीन 'स' को घोर संशोधनवादी धारणा अगाडि सार्दै वैज्ञानिक समाजवादी सत्ताको मूल गुणलाई समाप्त पार्न खोज्यो। यो संशोधनवाद बर्नस्टिनको संशोधनवादभन्दा पनि खतरनाक र हानिकारक थियो। बर्नस्टिनवाद आन्दोलनमा थियो भने ख्रुस्चोभ सत्तालाई कब्जा गर्न सफल भएको थियो। ख्रुस्चोभले सत्ताको दुरुपयोग गर्दै संशोधनवादलाई जन्म दिन पुगेकोले विश्व कम्युनिस्ट आन्दोलनमा यसले निकै ठूलो क्षति पुऱ्यायो तर कमरेड माओले ख्रुस्चोभी संशोधनवाद र त्यसले पैदा गरेको भ्रमविरुद्ध जोडदार सङ्घर्ष गर्नुभयो। उहाँले ख्रुस्चोभी संशोधनवादलाई 'ख्रुस्चोभको संशोधनवादले एक दिन सोभियत सङ्घलाई ठूलो क्षति पुऱ्याउनेछ' भन्दै नाङ्गेझार पार्नुभयो। माओको नेतृत्वमा चिनियाँ कम्युनिस्ट पार्टीले भन्यो, 'सोभियत संशोधनवादी ख्रुस्चोभ गुटले सोभियत जनताका समाजवादी उपलब्धिहरूलाई हानि पुऱ्याइरहेको छ तथा साम्यवादतिर अभियान सञ्चालन गर्ने उनीहरूको अधिकारको अपहरण गरिरहेको छ। ती परिस्थितिहरूमा सोभियत जनताका अगाडिको प्रश्न साम्यवादको निर्माण कसरी गर्ने हो भन्ने प्रश्न होइन, पुँजीवादको पुनर्स्थापनाका लागि ख्रुस्चोभद्वारा गरिएका प्रयत्नहरूको प्रतिरोध र विरोध कसरी गर्ने हो भन्ने प्रश्न हो।'

(महान् बहस, ख्रुस्चोभको नक्कली साम्यवाद, पृ. २८८)। महान् समाजवादी देश सोभियत सङ्घको समृद्धि र शक्तिको जगमा उभिन पुगेको गद्दार ख्रुस्चोभको संशोधनवादलाई लेनिनले बर्नस्टिनलाई पराजित गरेको स्तरमा असफल पार्न नसके पनि संशोधनवादले कम्युनिस्ट आन्दोलनलाई पूर्ण रूपले नियन्त्रण गर्न खोजेको चाललाई कमरेड माओले असफल पारिदिनुभयो र विश्वमा मार्क्सवादी-लेनिनवादी विचारलाई रक्षा र विकास गर्न सफल हुनुभयो। उहाँको नेतृत्वमा विश्वभरि क्रान्तिकारी कम्युनिस्टहरूले क्रान्तिको महान् यात्रालाई अगाडि बढाउनुभयो।

नेपालमा राज्यसत्तासम्बन्धी बहस कम्युनिस्ट आन्दोलनमा निरन्तर चल्यो। संस्थापक नेता पुष्पलालले सर्वहारावर्ग, किसान-मजदुर वर्गीय सत्ताको पक्षमा वैचारिक, राजनीतिक सङ्घर्ष गर्नुभयो। पुष्पलालपछि सत्ता सम्बन्धमा पुरानो पिँढीका मोहनविक्रम, कृष्णदास, किरण, रोहितजस्ता नेताहरूले मार्क्सवादी-लेनिनवादी धारणालाई प्रस्तुत गर्ने कार्य गरे तर केही नेताहरूमा भने बर्नस्टिनवादी-ख्रुस्चोभवादी विचलन देखापरे। त्यसमा सबैभन्दा भद्दा विचलन केशरजङ्ग रायमाझी, तुलसीलाल र एमालेमा देखियो। त्यसमा पनि झापा विद्रोहको समयमा अरू सबै कम्युनिस्ट नेता र पार्टी (कमरेड पुष्पलाल) लाई दक्षिणपन्थी, संशोधनवादी, अवसरवादी भन्न पुगेको पूर्वमाले पछि एमालेभित्र अतुलनीय विचलन देखापऱ्यो। २०४६ पछि त यो बहुदलीय जनवादी कार्यक्रम पारित गरेर पुँजीवादमा विलीन हुन पुग्यो। क्रान्ति र सत्ताको सन्दर्भमा यसैखालको विचलन रूपलाल विश्वकर्माको आन्दोलन पनि देखापऱ्यो। उनले पनि प्रायः कम्युनिस्ट पार्टीहरूलाई अवसरवादी र संशोधनवादी भन्दै जुगेडी, जुटपानी किसान सङ्घर्ष सञ्चालन गरेका थिए तर पछि कति विचलित भए भने कम्युनिस्ट आन्दोलनबाटै पतन भएर नेपाली काङ्ग्रेसमा प्रवेश गर्न पुगे। आज आएर इतिहासका यी सबै विचलन र पतनलाई माथ गर्दै प्रचण्ड-बाबुराममा अक्षम्य विचलन र विघटन देखापरेको छ। क्रमशः

# युवा सङ्गठनका अध्यक्ष गिरफ्तार

**प्युठान** : नेकपा निकट युवा सङ्गठन नेपालका राप्ती ब्युरो सदस्य तथा प्युठान जिल्ला अध्यक्ष वामबहादुरलाई प्रहरीले गिरफ्तार गरेको छ। प्रहरीले उनलाई प्युठानको नयाँ गाउँबाट बिहीबार गिरफ्तार गरेको भन्दै युवा सङ्गठन नेपाल राप्ती ब्युरोले घोर भर्त्सना गर्दै रिहाइको माग गरेको छ। सङ्गठनका केन्द्रीय सदस्य तथा राप्ती ब्युरो संयोजक तिलक योगीले प्रेसविज्ञप्ति जारी गरी कथित लोकतन्त्रको हवाला दिने केपी-प्रचण्डको सरकारले नागरिकको बोल्न, लेख्न, शान्तिपूर्ण रूपले राजनीति गर्न पाउने अधिकारबाट वञ्चित गरेको बताएका छन्।

# सरकारी नेकपाको वर्चस्व रहेको गाउँ नै विप्लव नेकपामा

**डोटी** : जिल्लाको शिखर गाउँपालिका वडा नम्बर ३ मा सत्तारूढ नेकपाको वर्चस्व रहेको गाउँका पूरै मानिसहरू नेकपाका प्रवेश गरेका छन्। नेकपाले सञ्चालन गरेको सङ्गठन सुदृढीकरण तथा विस्तार अभियानका क्रममा नेकपाको अभियान टोली शिखर गाउँपालिकामा पुग्दा पूर्वमाओवादी केन्द्र र एमालेको प्रभाव रहेको एउटा गाउँमा युवाहरू विप्लव नेतृत्वको नेकपामा प्रवेश गरेका हुन्। नेकपाको अभियान टोलीले कार्यक्रम आयोजना गरी उनीहरूलाई पार्टी प्रवेश गराएको छ।

यसैबीच सोही ठाउँमा युवा सङ्गठनको जिल्ला सम्मेलन सम्पन्न भएको छ। युवा सङ्गठनका केन्द्रीय सदस्य पवित्र जीसीको प्रमुख आतिथ्यमा सम्पन्न सम्मेलनमा डोटी जिल्ला इन्चार्ज शिखर, प्युठान जिल्ला इन्चार्ज चिन्तामणि, खेम घर्ती, अनेमसङ्घ (क्रान्तिकारी) का केन्द्रीय सदस्य पवित्रा विकलगायत उपस्थित थिए। सुरेश विकको अध्यक्षतामा सम्पन्न सम्मेलनमा प्रकाश थापाले स्वागत भाषण गरेका थिए भने कार्यक्रम मोहन कठायतले सञ्चालन गरेका थिए।

# मजदुर मोर्चाको भक्तपुर जिल्ला भेला

**भक्तपुर** : अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासङ्घ उपत्यका मजदुर विशेष ब्युरोअन्तर्गत यातायात टिमले निर्माण र यातायातको सम्मेलन सम्पन्न गरेको छ। अखिल नेपाल क्रान्तिकारी निर्माण र यातयात मजदुर सङ्घ भक्तपुरको यो छैटौँ सम्मेलन हो। उक्त भेलामा प्रमुख अतिथि अनेक्राट्रेयु महासङ्घका केन्द्रीय सचिवालय सदस्य शिशिर थापा थिए भने विशेष अतिथि जिल्ला पार्टी भक्तपुर सेक्रेटरी बुद्धि पुन थिए। अतिथिहरूमा विजय लामा, सरोजप्रसाद न्यौपाने, रामशरण तिमल्सिना, दीपेन्द्र घिमिरे, जितबहादुर श्रेष्ठ र देवराज गुरुङ थिए। प्रमुख अतिथि, विशेष अतिथि र अतिथिहरूले वैचारिक तथा राजनीतिक प्रशिक्षण दिएका थिए।

सम्मेलनले निर्माणतर्फ १५ सदस्यीय जिल्ला कार्यसमिति चयन गरेको छ भने यातायातमा ११ सदस्यीय कार्यसमिति चयन गरेको जानकारी दिइएको छ। निर्माण जिल्ला कार्यसमितिमा अध्यक्ष घनबहादुर मगर, उपाध्यक्ष जयलाल पुन, सचिव पर्शुराम पुन, कोषाध्यक्ष गोविन्द श्रेष्ठ, सदस्यहरूमा दिलबहादुर मगर, सन्तोष बस्नेत, चन्द्रबहादुर राजी, थकेन्द्र चन्द, मानबहादुर रखाल, गोकर्ण राजी, मङ्गल यादव, लालबहादुर विक र मोहन विक छन्।

# माओवादी केन्द्रले रोज्यो जनविद्रोहको कार्यदिशा

**काठमाडौँ** : फागुन १ गते जनयुद्ध दिवसको अवसर पारी उद्घाटन गरिएको नेकपा (माओवादी केन्द्र) को आठौँ महाधिवेशन गोपाल किराँतीको अध्यक्षतामा ९९ सदस्यीय केन्द्रीय समिति चयन गर्दै सम्पन्न भएको छ। महाधिवेशनले जनविद्रोहको सामरिक कार्यदिशा र नयाँ नेतृत्वसहित महाधिवेशन सम्पन्न भएको जानकारी नवनिर्वाचित अध्यक्ष किराँतीले दिएका छन्। किराँतीले स्थानीय वर्गसङ्घर्ष उठान र संविधानको समाजवादी पुनर्लेखनसहितको पार्टीको तत्कालीन कार्यनीति पारित गरेको जानकारी दिए।

महाधिवेशनको उद्घाटनसत्रलाई सम्बोधन गर्दै नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य तथा रातो खबर साप्ताहिकका निर्देशक गुणराज लोहनीले क्रान्तिकारीहरूबीच पार्टी एकता, संयुक्त मोर्चा र कार्यगत एकताका लागि तयार रहेको भन्दै क्रान्तिकारी कार्यदिशा पारित गर्नका लागि पुनर्गठित माओवादी केन्द्रलाई शुभकामना दिएका थिए। यस्तै नेकपा (माले) का महासचिव सीपी मैनाली, नेकपाका अध्यक्ष ऋषि कट्टेल, नेकपा (क्रान्तिकारी माओवादी) का स्थायी समिति सदस्य सीताराम तामाङ र सीमाविद् बुद्धिनारायण श्रेष्ठले पनि महाधिवेशनमा शुभकामना दिएका थिए। महाधिवेशनले माओवादी केन्द्रको उपाध्यक्षमा तिलक थापा र रङ्गनाथ ढकाल, महासचिवमा कर्णजित बुढाथोकी 'सुशील', सचिवमा राजन तिम्सिना र विनोद उपाध्यायसहित ९९ जनाको केन्द्रीय समिति निर्वाचित गरेको छ।

## नक्कली आइडि ...

गरिएको पाइएपछि प्रकाशनगृहले उक्त कार्य गैरकानुनी, निन्दनीय र भर्त्सनायोग्य भएको निष्कर्ष निकालेको छ।

रेडियो मिर्मिरेले बुधबार जनयुद्ध दिवसका अवसरमा आयोजना गरेको शुभकामना आदानप्रदान कार्यक्रमसँग सम्बन्धित समाचारमा अमूक व्यक्ति/समूहले रातो खबर साप्ताहिक नामकै नक्कली आईडीबाट टिप्पणी गरेको पाइएको थियो। रातो खबर प्रकाशन गृहअन्तर्गत रहेको रातो खबर साप्ताहिक नामको फेस बुक आईडी र फेसबुक पेजको नक्कली आईडी अमूक व्यक्ति/समूहले प्रयोग गरिरहेको पाइएको भन्दै प्रकाशनगृहले आपत्ति जनाएको छ। रातो खबर प्रकाशनगृहले यसप्रकारका भ्रामक खबर हरूको भ्रममा नपर्न सम्पूर्ण पाठकवर्गलाई अनुरोध पनि गरेको छ। साथै यस्तो खालको फेक आईडी प्रयोग गरिएकोबारे अनुसन्धान भैरहेको पनि प्रकाशनगृहले स्पष्ट पारेको छ।

## जनकपुरमा ...

नेताहरू मौसम, शशी, नयन, कमल, युवानेता दीपक र अभियानका कार्यालय सचिव तथा सिन्धुली सेक्रेटरी दिनेश सारूले आआफ्नो कार्यक्षेत्रको प्रगतिविवरण प्रस्तुत गरेका थिए।

अभियान टोलीले रानीखोलास्थित जमुना गुरुङको घरमा तोरी उखेलेको, धराडाँडास्थित एकल महिला अम्बिका बस्नेतको घरमा शिलुसहित मल बोकेको, सुनकोसी गा.पा. ४, हायुबस्तीका प्रकाश हायुको घर निर्माणलगायत श्रमदानहरू गरेको बताइएको छ। कार्यक्रममा अभियन्ताहरू गोपाल, हिमाल, सरगम, आशीष, राजु ठकुरी, भीम, विशाल, महेन्द्र मण्डल, सुमन, मणि राई, विकल्प, फेमस, धर्ती, विमल, विजय, रमेश, सुविक्षा, अम्बिकालगायतले आफ्नो कामको प्रगतिविवरण प्रस्तुत गरेका थिए। नयाँ ५ जना पूर्णकालीन सदस्यहरूले अनुभूति मन्तव्य राखेका थिए। सूर्य दियालीले ुमकै भुटी राख कान्छी लालसेना आउदैछनु शीर्षक गजल वाचन र भीमले गीत गाएका थिए। अभियन्ताहरूले गरिब, दलित र जनजाति समुदायले नै आफ्नो अभियानलाई तुलनात्मक रूपमा राम्रो सहयोग प्राप्त भएको अनुभव सुनाएका थिए। प्रमुख अभियन्ता भुजेलले ूसर्वहारावर्गले लड्ने, दलाल वर्गले उपलब्धि हत्याउने विरासत दोहोरिन नदिन आफूहरू सचेत रहेकोू बताएकी थिइन्। अभियन्ताहरूले मार्क्सवादी साहित्य अध्ययन र प्रचारमा तीव्रता दिइएको बताएका छन्। उक्त टोलीले सुनेकोसी र गोलन्जर गा.पा.मा ५ हजार पर्चा, ५० हजारको मार्क्सवादी साहित्य र ४ सय प्रति रातो खबर वितरण गरेको सिन्धुलीबाट प्रेषित समाचारमा जनाइएको छ।

## दलित मुक्ति ...

उपस्थिति थियो। नेपाल कम्युनिस्ट पार्टी निकट सङ्गठन दलित मुक्ति मोर्चाले गरेको सम्मान कार्यक्रम र पत्रले आफूमा एकदमै गौरव महसुस भएको सहिद-बेपत्ता परिवारका सदस्यले बताएका छन्।

# गाउँ नै रित्याएर पूर्वमाओवादी केन्द्रका केन्द्रीय सदस्यसहित नेकपामा प्रवेश

**रुकुम** : तत्कालीन जनमुक्ति सेनाका ब्रिगेड सहायक कमान्डरसहित एक सयभन्दा बढी नेपाल कम्युनिस्ट पार्टीमा प्रवेश गरेका छन्। विप्लव नेतृत्वको नेकपामा प्रवेश गर्नेहरूमा पूर्वमाओवादी केन्द्रका नेता-कार्यकर्ता रहेका छन्। जनयुद्ध दिवसका अवसरमा पश्चिम रुकुमको चौरजहारीमा आयोजित कार्यक्रममा पूर्वमाओवादी केन्द्रका केन्द्रीय सदस्यसमेत रहेका तत्कालीन जनमुक्ति सेनाका ब्रिगेड सहायक कमान्डर शिशिर नकालसहित एक सयभन्दा धेरै नेता-कार्यकर्ता नेकपामा प्रवेश गरेका हुन्। नवप्रवेशीहरूमा पूर्वमाओवादी केन्द्रका जिल्ला सदस्य शेरबहादुर बोहोरा, एमालेका चौरहजारी नगर समितिका उपाध्यक्ष जितबहादुर विक, वाईसीएलका चौरजहारी नगर समिति सचिव गोविन्द महरलगायत रहेको जानकारी नेकपाका पश्चिम रुकुम सेक्रेटरी चन्द्र बुढाले दिएका छन्। बुढाका अनुसार पार्टीले सञ्चालन गरेको सङ्गठन सुदृढीकरण तथा विस्तार अभियान जिल्लाभर चलिरहेको छ। यो अभियानमा पार्टी प्रवेश गर्ने लहर बढिरहेको उनले बताए।

यसैबीच नेकपा निकट अखिल (क्रान्तिकारी) पश्चिम रुकुमको अध्यक्षमा सुरेन्द्र बस्नेत चयन भएका छन्। सङ्गठनको २४ औँ जिल्ला सम्मेलनले बस्नेतको अध्यक्षतामा २९ सदस्यीय कार्यसमिति चयन गरेको हो। सङ्गठनको उपाध्यक्षमा प्रेम प्रशान्त, सचिव हरि पुन, सहसचिव वसन्त चन्द र कोषाध्यक्षमा सोमपाल कामी रहेका छन्। कार्यक्रममा नेकपाका केन्द्रीय सदस्य चिरन पुन 'मिलन', रुकुम इन्चार्ज तथा केन्द्रीय सदस्य अटल, दैलेख इन्चार्ज विवेक, पश्चिम रुकुम सेक्रेटरी चन्द्र बुढा, युवा सङ्घका केन्द्रीय अध्यक्ष पाटनलगायतको सहभागिता थियो।

## देश विदेशमा ...

जीवनको बलिदान दिनुपरे पनि हामी जनताको मुक्तिबेगर कुनै प्रलोभन, दबाब र आतङ्कका अगाडि झुक्नेछैनौँ भनेका थियौँ। जनताको यो शपथ लिएका केही साथीहरू संसद्वादप्रति आत्मसमर्पण गरे पनि क्रान्तिको झन्डा उठिरहेको छ। झरेको बन्दुक भिरिएको छ र जनताको मुक्तिका लागि लडिरहिएको छ।'

'एकीकृत जनक्रान्ति भनेको सबै अस्त्रहरूलाई एकीकृत गर्ने हो', कञ्चनले भने, 'लेनिनले रुसी समाजवादी क्रान्तिका लागि रुसी पुँजीवादी साम्राज्यवादका विरुद्ध मजदुरको अस्त्र प्रयोग गर्नुभयो। माओ त्सेतुङले नयाँ जनवादी क्रान्तिका लागि चिनियाँ सामन्तवादका विरुद्ध किसानको अस्त्र प्रयोग गर्नुभयो। हामीले वैज्ञानिक समाजवादका निम्ति दलाल पुँजीवादका विरुद्ध किसान, मजदुर, शिक्षक, विद्यार्थी, डाक्टर, प्रोफेसर, मध्यम वर्ग, राष्ट्रिय पुँजीपति वर्ग, सेना, प्रहरी कर्मचारीलगायत देशका जात, जाति, जनजातिसहित सम्पूर्ण उत्पीडित नेपाली जनतालाई सर्वहारा वर्गको अग्रदस्ता कम्युनिस्ट पार्टीको नेतृत्वमा एकीकृत गर्ने हो।' सबै उत्पीडित नेपाली जनता एकताबद्ध भएर नेपालको दलाल पुँजीवादी सत्ता र त्यसका पहरेदार संसद्वादीहरूलाई सत्ताच्यूत गरी जनताको सत्ता स्थापना गर्ने हो।

पार्टीका नेता र कार्यकर्ताहरूका साथै स्थानीय किसान, मजदुर, सहिद परिवारहरू, महान् जनयुद्धका घाइते-अपाङ्ग, तिनका परिवारहरू, बुद्धिजीवी, शिक्षक, कर्मचारी, व्यापारी, व्यवसायीलगायत जनसमुदायको उपस्थिति थियो। कार्यक्रममा सहिद परिवारहरूलाई दोसल्ला ओढाएर सम्मान गरिएको थियो थियो भने अबिरावरण र मिठाइ वितरण पनि गरिएको थियो।

### बेल्जियममा जनयुद्ध दिवसँसगै सहिद सप्ताह

**बेल्जियम** : नेपाली जनप्रगतिशील मोर्चा बेल्जियमले २४ औँ जनयुद्ध दिवस आन्ट्वेर्पेन सहरमा विशेष कार्यक्रम गरी हर्षोल्लासका साथ मनाएको छ। मोर्चाले जनयुद्ध दिवस र सहिद सप्ताहको अवसर पारेर सङ्गठनको विस्तारित बैठक पनि सम्पन्न गरेको छ। सङ्गठनका अध्यक्ष मेख गुरुङको अध्यक्षतामा सम्पन्न कार्यक्रममा कार्यसमितिका सदस्य तथा शुभेच्छुकहरूको उपस्थिति थियो।

नेपाली जनप्रगतिशील मोर्चा युरोपका अध्यक्ष विष्णु भुजेलको प्रमुख आतिथ्य, युरोप मोर्चाका उपाध्यक्ष बदन योङहाङ र सल्लाहकार मणि राई अतिथि रहेको कार्यक्रममा उपस्थित सबैलाई मोर्चाका उपाध्यक्ष रकेन्द्र घिमिरेले स्वागत गरेका थिए। कार्यक्रमको सञ्चालन सङ्गठनका महासचिव माकुना राईले गरेका थिए।२४ औँ जनयुद्ध दिवस र सहिद सप्ताहका अवसरमा सङ्गठनका पदाधिकारी वक्ताहरूले यस दिवसको महत्वका बारेमा प्रकाश पार्दै आआफ्ना धारणाहरू व्यक्त गरेका थिए। मोर्चाकी सदस्य मुना राईले भनिन्, 'जनयुद्ध कालमा महिलाले निर्वाह गरेको भूमिका महत्वपूर्ण रहेको थियो। अहिले बेल्जियम हामी जेजति छौँ, सबै दिदिबहिनीहरूले क्रान्तिका लागि उठ्ने बेला आएको छ। एकआपसमा हातेमालो गर्दै सङ्गठनलाई उचाइमा पुऱ्याउन सक्दो कोसिस गर्नुपर्छ र सक्रियता बढाउनुपर्छ।'

सल्लाहकार मणि राईले जनयुद्धले देशमा आमूल परिवर्तन गर्न खोजेको तर नेतृत्वले धोका दिँदा बीचैमा तुहियो कि भन्ने लागे पनि सबैखाले कठिनाइलाई पार गर्दै क्रान्ति फेरि नयाँ शिरामा अगाडि बढेको बताए। उनले भने, 'एउटा नयाँ आशाको किरण पुनः जगाउँदै एकीकृत जनक्रान्तिको कार्यदिशामा अगाडि बढिरहेको छ। हामी जहाँ भए पनि नयाँ जनक्रान्तिलाई सक्दो सहयोग जुटाउने कोसिस गर्नुपर्छ।'

कार्यक्रममा बदन योङहाङले सङ्गठनको स्थापनाकालदेखिको इतिहास, गरिमा र महत्व प्रकाश पार्दै वर्तमान अवस्था र आगामी दिनमा सङ्गठनले निर्वाह गर्नुपर्ने भूमिकाका बारेमा चर्चा गरे। अर्का वक्ता ईश्वर पाठकले 'हामीभित्र लुकेको क्रान्ति : वैज्ञानिक समाजवादी क्रान्ति' विषयक १६ पृष्ठको विचारोत्तेजक लेख पढेर सुनाएका थिए।

कार्यक्रमका प्रमुख अतिथि विष्णु भुजेलले नेपालको वर्तमान राजनीतिक अवस्थाबारे चर्चा गर्दै दलाल संसदीय व्यवस्थाका विरुद्ध एकीकृत जनक्रान्तिले हासिल गर्दै गएको सफलता र उचाइका बारेमा व्याख्या गरेका थिए। उनले भने, 'बेल्जियमलगायत युरोपमा सङ्गठित भैसकेको हाम्रो सङ्गठनले पनि एकीकत जनक्रान्तिलाई जोड्दै वैज्ञानिक समाजवादबारे बहस गर्नुपर्छ र स्थानीय तहमा नेपालीहरूले भोग्नुपरेका समस्या हल गर्न क्रियाशील रहनुपर्छ।'

जनयुद्ध दिवस र सहिद सप्ताहका अवसरमा सम्पन्न सङ्गठनको विस्तारित बैठकले वर्तमान कार्यसमितिलाई निरन्तरता दिँदै एक कार्यकाल थप गरेको युरोपबाट प्राप्त समाचारमा जनाइएको छ।

### साउदीमा मनाइयो जनयुद्ध दिवस

**साउदी** : नेपाल कम्युनिस्ट पार्टी निकट प्रवासी सङ्गठन नेपाली जनप्रगतिशील मोर्चा साउदीले रियादको जदिद सनाइयाको मजदुर सेल्टरमा २४ औँ जनयुद्ध दिवस भव्यतापूर्वक मनाएको समाचार प्राप्त भएको छ। नेपाली मजदुरहरूको उल्लेखनीय उपस्थिति रहेको उक्त कार्यक्रममा प्रमुख अतिथि नेपाली जनप्रगतिशील मोर्चाका सल्लाहकार संयोजक दिल सुब्बाले सहिद परिवार तथा मोर्चा महासचिव टीकाराम ओली 'सुरेश' लाई खादा ओडाएर सम्मान गरेका थिए।

सहिदहरूप्रति श्रद्धाञ्जली व्यक्त गरेर आरम्भ गरिएको कार्यक्रमको अध्यक्षता सेते घर्तीमगरले र सञ्चालन दुर्गा ओलीले गरेका थिए। कार्यक्रममा नेपाली जनप्रगतिशील मोर्चाका उपाध्यक्ष युवराज कार्कीले स्वागत मन्तव्य राखेका थिए भने केन्द्रीय सदस्य इन्द्र विकले जनयुद्धका घातीहरूलाई धुलो पार्न आग्रह गर्दै वीर सहिद र बेपत्ता योद्धाहरूको सार्वजनिकीकरणका विषयमा गीत प्रस्तुत गरेका थिए।

मोर्चाका अध्यक्ष भानु प्रदेशीले प्रचण्ड-बाबुरामले अधुरो छोडेको क्रान्ति नेपाल कम्युनिस्ट पार्टीले एकीकृत जनक्रान्तिमार्फत पूरा गर्ने बताए। सम्मेलनले तीर्थ पाख्रिनको संयोजकत्वमा ११ सदस्यीय समिति चयन गरेको छ।

यसैक्रममा रियाद क्षेत्रीय समितिको दोस्रो भेलाले थोम गुरुङ अध्यक्ष रहेको ११ सदस्यीय समिति चयन गरेको जानकारी प्राप्त भएको छ। कार्यक्रममा सल्लाहकार संयोजक दिल सुब्बा प्रमुख अतिथिका रूपमा उपस्थित थिए। कार्यक्रमको अध्यक्षता सेते घर्तीमगरले गरेका थिए। कार्यक्रमको सञ्चालन दुर्गा ओलीले गरेका थिए। सहिद परिवारका छोरा नेपाली जनप्रगतिशील मोर्चा केन्द्रीय महासचिव टीकाराम ओली 'सुरेश' लाई सल्लाहकार संयोजक दिल सुब्बाले खादा ओढाई सम्मान गरेका थिए।

**नेपाल आयल निगम लिमिटेडको खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी अति आवश्यक जानकारी**

एल.पी. ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकोले यसको पर्याप्त सतर्कता र सावधानी अपनाउनु जरुरी हुन्छ। यसैले खाना पकाउने ग्यासको चुहावटले दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्ता वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ।

**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू**

१. सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऔं। भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं। सुताएर, घोप्ट्याएर प्रयोग नगरौं।
२. रेगुलेटर, रबर पाइप, चुलोजस्ता उपकरणहरू गुणस्तर भएको मात्र प्रयोग गरौं। साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं। खाना पकाउँदा सँधै झ्यालढोका खुला राखौं र सुतीको कपडा लाएर मात्र खाना पकाउने गरौं।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिसौं।

**ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू**

१. खाना पकाउने स्थानमा एल.पी.ग्यासको तिखो गन्त्र आइरहेको छ भने ग्यास चुहिएको छ भन्ने बुझ्नुपर्दछ। ग्यास लिग भएमा पहिले रेगुलेटरको र पछि चुलोको नव बन्द गरौं।
२. ग्यास हावाभन्दा गह्रौं हुने भएकोले तल भुईंमा बस्छ त्यस्तो अवस्थामा झ्यालढोका सबै खुला गरौं र आगोको झिल्का निस्कने वस्तुहरू जस्तै ग्यास चुलो, सलाई, लाइटर, धुप आदि नबालौं। साथै बिजुलीबत्तीलगायत कुनैपनि वस्तु नचलाऔं।
३. ग्यास लिग भइरहेमा सिलिण्डरबाट रेगुलेटर छुटाई भल्वमा सेफ्टी क्याप लगाएर घरबाहिर खुला ठाउँमा राखौं। र छिटो भन्दा छिटो नजिकको ग्यास विक्रेता वा सम्बन्धित ग्यास उद्योगलाई खबर गरौं।

सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो।
उपभोक्ताको हितमा
नेपाल आयल निगम लिमिटेड

नेपाल आयल निगम लिमिटेड,
केन्द्रीय कार्यालय, बबरमहल
फोन : ४२६२९७०, ४२६३४८५

# उखु किसानको समस्या समाधान गर्न र माफियालाई कारबाही गर्न माग

**काठमाडौँ** : अखिल नेपाल किसान महासङ्घ (क्रान्तिकारी) ले उखु किसानहरूका समस्याप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ।

उक्त विषयलाई लिएर नेपाल कम्युनिस्ट पार्टी निकट अखिल नेपाल किसान महासङ्घ (क्रान्तिकारी) का संयोजक राजु कार्कीले मङ्गलबार प्रेसविज्ञप्ति प्रकाशित गरी किसानका माग पूरा गर्न आह्वान गर्दै माफियाहरुलाई कारबाहीको चेतावनी दिएका छन्।

संयोजक कार्कीले भनेका छन्, 'किसानले साहूमहाजनसँग चक्रवृत्ति ब्याजमा पैसा लिएर उखु लगाउँछन्। त्यो उखु बिक्री गर्नका लागि सरकारले समयमै समर्थन मूल्य तोक्दैन। तोकिए पनि उद्योगहरूले उक्त समर्थन मूल्यमा उखु खरिद नगरी आफैं मनोमानी ढङ्गले मूल्य तोक्छन्। सरकार नियमन गर्न सक्दैन। उल्टो किसानले पाउनुपर्ने अनुदानको पैसा समयमै दिन सक्दैन। उद्योगीहरू पनि विगतमा सहमति भएको मूल्यभन्दा पनि घटाएर किसानलाई रकम दिने, आफैं मनोमानी ढुवानी भाडा वृद्धि गर्ने, तौल घटाउनेजस्ता घृणित कार्य गरिरहेका छन्। यिनै क्रियाकलापका कारण उखु किसान आत्मदाह गर्ने ठाउँमा पुगिसकेका छन्।'

कार्कीको विज्ञप्तिमा भनिएको छ, 'सरकारले चिनीको आयात बन्देज लगाएर उद्योगीहरूलाई चिनीमा एकाधिकार रहने अधिकार दिइरहेको छ भने उद्योगीहरूले किसानलाई मारिरहेका छन्। सरकार उखु किसानको समस्या नसुनी उद्योगीको दबाबमा बस्छ। यसबाट के परिणाम निस्किन्छ भने कतै सरकार नै चिनीकाण्डको माफिया त बनिरहेको छैन ? शङ्का गर्ने ठाउँ छ।'

उनले 'चिनी आयातमा रोक लगाउने तर भारतीय उखु किसानको उखु किन्न चिनी उद्योगीहरू तँछाडमछाड गर्दै राज्य प्रशासनलाईसमेत सेटिङ गर्न लागिपर्नुले उद्योगीहरूको नाङ्गो रूपसमेत देखापरेको' बताएका छन्।

संयोजक कार्कीले उखु किसानका समस्या तत्काल सम्बोधन गर्न, चिनी र अनुदानका काण्डसँग जोडिएका घटनाहरूको छानबिन गरी कारबाही गर्न जोडदार माग गरेका छन्।

आफ्नो माग सुनुवाइ नभए किसानका साथमा सङ्घर्षमा उत्रिन बाध्य हुने यसै विज्ञप्तिमार्फत जानकारी दिएका छन्।



हुलाक द. नं. ११/०७२/७३ काठमाडौँ जि.का. द. नं. १०७/०७१/७२ वर्ष ४, अङ्क ३४, पूर्णाङ्क १८० रातो खबर

नियमित

# ओली–प्रचण्ड सरकारका दिनगन्ती सुरु


सुदर्शनराज पाण्डे

सर्वसाधारण नेपाली जनताको छोरो राजनीतिमा लागेर प्रधानमन्त्रीजस्तो गरिमामय पदमा पुग्नु खुसीको कुरा हो तर असल र कुशल नदेखिनु दुर्भाग्य बन्न जान्छ। प्रधानमन्त्री केपी ओलीले नेतृत्व गरेको नेपाल सरकारको एकबर्से कार्यकालको मूल्याकंन गर्ने हो भने राजनीति इच्छाशक्ति र दृढता देश, काल, परिस्थिति, नेपाली हावा, पानी र माटो सुहाउँदो हुन सकेन। कुकुरले पुच्छर हल्लाउनुपर्नेमा पुच्छरले कुकुर हल्लाउने प्रकृति नै देखियो। विदेशी दलाल, उपभोक्तामारा पुँजीपति र भ्रष्टाचारी नेता एवम् कर्मचारीको कब्जामा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय व्यवस्था पर्न पुग्यो। वर्तमान व्यवस्था र सरकारको गतिविधिलाई नजिकबाट नियाल्ने हो भने राजनीतिक अराजकता, अस्थिरता, भ्रष्टाचार र ढिलासुस्तीशिवाय सकारात्मक उपलब्धि दिन नसक्ने देखियो। नेपाल र नेपालीको स्वाधीनता र स्वाभिमानको रक्षा हुन सकेन। छिमेकी राष्ट्र र अन्य राष्ट्रहरूले नेपालमाथि आफ्नो स्वार्थ र चलखेल लाद्ने अवसर पाएर पनि ओली सरकार र नेकपाप्रति विश्वस्त छैनन्। संसद्मा दुईतिहाइ बहुमतको ओली सरकार आफूलाई जति शक्तिशाली ठान्छ तर उसको भित्री स्वरूप र बनोट अत्यन्त कमजोर छ। यसको कारण ओली सरकारले यथार्थको धरातललाई भुल्दै गइरहेको छ। तानाशाही व्यवस्था लाद्ने बाटो रोज्दैछ। यो नै ओली एन्ड दहाल कम्पनी सरकार र उनीहरूले अध्यक्षता गरेको सरकारी नेपाल कम्युनिस्ट पार्टीको छिटो पतनको अवस्था हो।

जनताको आशा र भरोसा नभएको ओली सरकार खडा भएको छ। खाद्यान्न विदेशबाट आयात गरेर आपूर्ति व्यवस्था मिलाउने, युवाशक्ति बिदेसिएकोमा रोक्न नसक्ने तर जताततै सीसीटीभी क्यामेरा जडान गराएर आधुनिकताको परिचय दिन खोज्ने ओली सरकारको आयु अब चाहेर पनि धेरै दिनको हुन सक्दैन। किसान, मजदुर, युवा, विद्यार्थी, महिला, कर्मचारी, उपभोक्ता, साना व्यापारी, कलाकार, मध्यमवर्गीय जनता आआफ्ना माग लिएर सडक सङ्घर्षमा धमाधम उत्रिरहेका छन्। उनीहरूमाथि प्रहरी दमन गर्नुबाहेक सरकारसँग अर्को उपाय छैन। भनिन्छ जहाँ दुस्मन, त्यहाँ जनविस्फोट। विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी सम्पूर्ण जनताको असन्तुष्टि र आक्रोशको नेतृत्व लिएर नयाँ परिस्थिति खडा गरेर नयाँ जनमुखी व्यवस्था विकल्पका रूपमा दिन सक्षम हुँदै गएको छ। देशभर जारी एकीकृत जनक्रान्तिलाई नेपाली जनताको बढ्दो सहयोग र समर्थन देखिएको छ। पानीजहाज र रेलको विकासभन्दा आम भोका, नाङ्गा, बिहानबेलुकीको छाक टार्न धौधौ भएका लाखौँलाख जनता, महँगीको मारमा परेका उपभोक्ता, बिदेसिएका युवाहरूको रोजगारी समस्याका बारेमा ध्यान केन्द्रित गर्ने बेला हो अहिले। विदेशी स्वार्थमा आधारित ऋण र अनुदानबाट गरिएको भौतिक विकास अनि व्यापक भ्रष्टाचारले कालान्तरमा हस्तक्षेपकारी समस्या निम्त्याउँछ। 'ऋणम् कृत्वा घृतम् पिवेत्' (ऋण गरेर भए पनि घिउ खाऊ) र घाँटी हेरी हाड ननिल्ने नीति, आर्थिक मितव्ययिता नअपनाउने नीति ओली सरकारको देखियो। यो राष्ट्रका लागि अति प्रत्युत्पादक साबित हुनेछ। विकास खर्च कटौती गरेर साधारण खर्च गर्नुपर्ने बाध्यताले आर्थिक उन्नति होइन, आर्थिक टाटपल्टाइको अवस्था अवश्य निम्त्याउँछ। जसरी पनि शासन व्यवस्था टिकाउने भन्ने ओली सरकारको बुझाइ अत्यन्तै खतरनाक छ। यो नै ओली सरकार, सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक भ्रष्ट, दलाल पुँजीपति संसदीय व्यवस्थाको पतनको दिशा हो। वैज्ञानिक सिद्धान्त, नीति, विचार, कार्यक्रम र योजना नभएको हचुवा र लहडको भरमा देश र जनता हाँक्ने ओली सरकारको अठोट एउटा दुस्साहस मात्र हो।

मानवीय समस्या र राष्ट्रिय संवेदनशीलताप्रति खेलबाड गरिरहेको ओली सरकारले जनतालाई सास्ती, अशान्ति, असन्तुष्टिशिवाय केही दिन सक्दैन। परिवर्तनको परिणाम हात लाग्यो शून्य भएकाले अब शून्यबाट नै राजनीति सुरुआत हुन जरुरी छ। केपी सरकार पक्षधर एकातिर र विद्रोही जनताहरू अर्कोतिर रहेर नयाँ विकल्पका लागि सङ्घर्ष गर्नु अनिवार्य छ। होइन भने केही पचिराखेको नेपाल र नेपालीको शाख र अस्तित्व पनि समाप्त हुनेछ। सरकारको आकृतिविहीन परराष्ट्रनीतिले ओली सरकार घेराबन्दीमा परेको छ। दुईतिहाइ बहुमतको नामधारी कम्युनिस्टहरूको सरकार नेपाली जनताको भरोसाको केन्द्र बन्न नसक्नुको एउटै कारण दलाल पुँजीवादको संरक्षण र सेना नै हो। ओलीले वास्तविक सूचकाङ्क र तत्याङ्कलाई मिथ्याङ्कमा परिणत गराउँदै आएका छन्। भनिन्छ बहुमतको संसदीय व्यवस्थामा अपार शक्ति हुन्छ अरे। उसले चाह्यो भने लोग्ने मानिसलाई महिला पनि बनाउन सक्छ अरे। संसदीय व्यवस्थालाई 'बोकाको टाउको झुन्ड्याएर कुकुरको मासु बेच्ने धलो हो' भन्नेहरू आज शासनसत्तामा पसेर शक्तिको दुरुपयोग गरेर जनतालाई सास्ती, आफूलाई मस्ती गरिरहेका छन्। समाजवादप्रति प्रतिबद्धता रहेको भनिएको संविधानद्वारा निर्देशित ओली सरकारको पालामा धनी र गरिबबीचको खाडल अति ठूलो बन्दै गएको छ। महँगी बेरोजगारी, श्रमिक जनताको शोषणले दैनिक जीवन कष्ट साध्य बनेको छ। एकैसाथ आमजनताको आयस्तर वृद्धि हुने जनमुखी व्यवस्थाको ठाउँमा निर्देशन र आदेशमुखी व्यवस्था चल्दैन। व्यापक शोषण र बर्बर दमन गर्ने ओलीमुखी शासन व्यवस्थाले 'सुखी नेपाली समृद्ध नेपाल' को नारा कसरी सार्थक बनाउन सक्छ। जनताको विरोध र आलोचनालाई सहन नसक्ने र आवश्यक सुधार पनि नगर्ने ओली सरकारको चरित्र नेपाली जनताको आँसुमा राक्षसी हाँसो गर्ने जस्तो छ। पुलिस र सेनाको शरणमा बढाउने तर अपराध र असुरक्षा पनि पढ्दै जाने वर्तमान उदेकलाग्दो अवस्थाले सिङ्गो नेपाली समाजलाई नै जर्जर बनाएको छ। सम्पूर्ण देशभक्त नेपाली राष्ट्रका सिपाही हुन्। चेतनशील नागरिक, देशभक्त नागरिकहरूबाट मात्र देश र समाजको रक्षा हुन्छ। भ्रष्टाचारको पहाड जताततै देखिन्छ। नियन्त्रण र कारबाही भएको कतै देखिँदैन। नीतिगत भ्रष्टाचार, संस्थागत भ्रष्टाचारले देशलाई कमजोर र असफल बनाइसकेको छ। सङ्घीय लोकतान्त्रिक गणतन्त्र भ्रष्टाचारको पर्याय बनिसकेको छ। भ्रष्टाचारमा पूरै राजनीति र कर्मचारीतन्त्र मुछिएको छ। यो हुनुमा प्रमुख दोषी ओली सरकार नै छ। त्यसकारण ओली सरकारले आलोचनासहित व्यङ्ग्यात्मक शैलीमा कलाकार पशुपति शर्माले गाएको 'लुट्न सके लूट कान्छा, लुट्न सके लूट' वर्तमान यथार्थमा आधारित गीतलाई प्रतिबन्ध गरेर ठूलो बहादुरी देखाएको छ। भ्रष्टाचारी र बलात्कारीलाई संरक्षण गर्ने जनकलाकार, जनसञ्चारकर्मीलाई 'बाँदरलाई लखेटेझैँ लखेट्ने' ओली सरकारको प्रवृत्ति निन्दित र घृणित देखियो। इमानदारीले जितेमा कसैले हराउन सक्दैन। बेइमानहरूले सधैँ हारेका हुन्छन्। नेकपा एमाले र नेकपा माओवादी केन्द्र मर्ज र फ्युजन भएर बनेको सरकारी नेकपा र दुईतिहाइ बहुमतको सरकारको आडम्बर, ढोङ र पथभ्रष्ट देखेर नेपाली शोषित, उत्पीडित, गरिब, बेरोजगार जनताहरू वाक्कदिक्क भइसकेका छन्। ओली सरकार र प्रशासनमा रहेका व्यक्तिहरूको नैतिकता, चरित्र, कार्यशैली, व्यवहार, जिम्मेवारीका बारेमा बोल्न, लेख्न, आलोचना गर्न चेतनशील, चिन्तनशील, इमानदार, बुद्धिजीवी, राष्ट्रवादी नेपाली जनता, मिडियाले कुनै कसुर बाँकी राखेका छैनन् तर पनि सरकार सुध्रिने कुनै लक्षण र सङ्केत छैन। भ्रष्टाचार र बेइमानीको आहालमा डुबिसकेका, बिग्रिएका कम्युनिस्ट नेता, कार्यकर्ता अब र 'गधालाई नुहाएर गाई' बनाउन सक्ने अवस्थामा छैनन्। देश बदल्छु भनेर सङ्घर्षको नेतृत्व गर्दै आएका प्रचण्ड, ओलीलगायत नेताहरू यसरी बिग्रिएलान् भनेर सोचिएको थिएन तर विडम्बना बन्न पुग्यो। कम्युनिस्ट नेताहरूले जनताको आँखामा नराम्रोसँग छारो हानेर दलाल पुँजीवादको रक्षक बन्न पुगे। यो नै उनीहरूले रोजेको महापतनको बाटो हो। यतिखेर विकृत पुँजीवाद व्यवहार र गैरसर्वहारावादी संस्कारमा रमाएर नाचिरहेका त्यस्ता चरित्रका नेता-कार्यकर्ताले भोलिका दिन प्रायश्चित गर्छु भन्दा पनि पाउँदैनन्। उनीहरूले पश्चातापको बाध्यात्मक जीवन बिताउनुपर्ने हुन्छ। देश र जनता बर्बाद हुँदै गइरहेकोमा, आफूले धोका दिएकोमा कुनै चिन्ता छैन बरु अहम्वादी, व्यक्तिवादी मात्र होइन, हैकमवादी बनिरहेका छन्।

वर्तमान देशको अवस्था गरिखाने, हुँदा खानेको अवनति र हुनेखाने, ठगी खानेहरूको उन्नति हुँदै गइरहेको छ। देशको शासन व्यवस्था घडीको उल्टो सुई घुमाइमा छ। कथित कम्युनिस्ट नेता, कार्यकर्ताको दृष्टिदोष भए पनि पीडित नेपालीहरूले सरकारको कुकृत्य औँल्याइरहेका छन्। सामाजिक फासिवादी ओली र उसको सरकार अनि पार्टी सङ्कटमा परिसकेको छ।

# दलालहरू पत्तासाफ हुँदैछन्–पुन

■ रातो खबर संवाददाता/इलाम

स्नेपाल कम्युनिस्ट पार्टीद्वारा सञ्चालित सङ्गठन सुदृढीकरण तथा विस्तार अभियानको ३२ औँ दिन फागुन ३ गते दक्षिण इलामको माई नगरपालिका वडा नं. ४ शुक्रबारेबजारमा विशाल जनसभा सम्पन्न भएको छ। सभालाई पार्टीका पोलिटब्युरो सदस्य ओमप्रकाश पुनले सम्बोधन गरेका छन्।

सम्बोधनका क्रममा नेता पुनले एकीकृत जनक्रान्तिमार्फत अब छिट्टै समाजवाद स्थापना हुने र दलालहरूको पत्तासाफ हुने भएकाले नै उनीहरूले आफ्नो पार्टीमाथि दमन सुरु गरेको बताए। पाँचथरको रविबाटगिरफ्तारभएका सामना परिवारका कलाकार लक्ष्मण तामाङ र कुमार धामी सात दिनको हिरासतबाट मुक्त भएपछि सम्मान गर्दै नेता पुनले क्रान्तिकारीहरूलाई जेल, नेल र सत्ताको दमनले झन् स्पातिलो बनाउने बताए।



सुखानीमा रगत बगाएका झापा विद्रोहका सहिदको स्मरण गर्दै नेता पुनले इलाम सहिदले रगत बगाएको ठाउँ भएकाले सदैव क्रान्तिका पक्षमा रहने विश्वास व्यक्त गरे। सहिदहरूको वीरता र बलिदानले उचाइमा पुगेको जनयुद्धको नेतृत्व गर्नेहरूले आत्मसमर्पण र गद्दारी गरेको भन्दै नेता पुनले तिनको निन्दा र भर्त्सना गरे। तिनको धोका र गद्दारीलाई चिरेर आफ्नो पार्टी निरन्तर क्रान्तिको बाटोमा अघि बढेको उनले बताए।

सामना परिवारका कलाकार आरोह नेपालीको सञ्चालनमा सम्पन्न कार्यक्रममा दक्षिणा इलामका सचिव राजुले अध्यक्षता र असलले स्वागत मन्तव्य व्यक्त गरेका थिए। सभामा सामना परिवारका कलाकारहरूले जनवादी सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेका थिए। कार्यक्रममा जनवर्गीय सङ्गठनका नेताहरू, पार्टी ब्युरो सदस्यहरू र बुद्धिजीवीहरूको उपस्थिति थियो। कार्यक्रम अवधिमा विभिन्न पार्टीका कार्यकर्ता नेकपामा प्रवेश गरेका थिए।

# सिंहलगायत गिरफ्तार नेताहरू रिहा, लुम्बिनी बन्द फिर्ता



**शिव डुम्रे**/बुटवल

नेपाल कम्युनिस्ट पार्टी गुल्मीका इन्चार्ज पूर्णबहादुर सिंहलगायत गिरफ्तार नेताहरू मङ्गलबार अपराह्न रिहा भएका छन्। अर्घाखाँचीको सन्धिखर्कमा अदालतले १० हजार धरौटी लिएर उनीहरूलाई रिहा गरेको हो। नेताहरू रिहा भएपछि बुधबारका लागि आह्वान गरिएको लुम्बिनी ब्युरो बन्द नेकपाले फिर्ता लिएको छ।

गत माघ २३ गते अर्घाखाँची जिल्लाबाट नेकपाको साङ्गठनिक अभियानको सिलसिलामा नेकपाका लुम्बिनी ब्युरो सदस्य एवम् गुल्मी जिल्ला इन्चार्ज पूर्णवहादुर सिंह, सेक्रेटरी खिमबहादुर खड्का, अर्घाखाँची जिल्ला पार्टी सचिवालय सदस्य पिताम्बर पोखरेल र अभियानकर्मी टुकलाल पुनलाई अर्घाखाँची प्रहरीले गिरफ्तार गरेको थियो। रिहा भएपछि इन्चार्ज सिंहले रातो खबरसँग कुरा गर्दै पार्टीको जित र सरकारको हार भएको प्रतिक्रिया दिए।

नेपाल कम्युनिस्ट पार्टीका लुम्बिनी ब्युरो इन्चार्ज चन्द्रबहादुर चन्द 'वीरजङ्ग' द्वारा मङ्गलबार जारी विज्ञप्तिमा भनिएको छ, 'झूट्टा मुद्दा लगाई गिरफ्तार गरिएका कमरेडहरूलाई आज प्रशासनले रिहा गरेको छ। हाम्रो पार्टीको साङ्गठनिक अभियान निरन्तर चलिरहेको जानकारी गराउँदै जनतामा पर्न जाने असुविधालाई ध्यान दिएर पूर्वघोषित सङ्घर्षको कार्यक्रमअन्तर्गत फागुन ८ गतेका लागि घोषणा गरिएको लुम्बिनी ब्युरोका ७ जिल्ला बन्दको कार्यक्रम फिर्ता गरिएको जानकारी यसै विज्ञप्तिमार्फत गराउँछौँ।'

# क्रान्तिकारी ट्रेड युनियन महासङ्घको अभियान तीव्र

**काठमाडौँ** : नेपाल कम्युनिस्ट पार्टीले सञ्चालन गरेको सङ्गठन सुदृढीकरण तथा विस्तार अभियान २ अन्तर्गत मजदुर सङ्गठनले विस्तार अभियानलाई तीव्रता दिएको छ। अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासङ्घअन्तर्गत रहेको पेसागत सङ्गठन यातायात टिमले भक्तपुरमा सातवटा एकाइ समिति निर्माण गरेको छ भने इँटाभट्टामा कार्यरत मजदुरहरू सङ्गठित भएका छन्। अभियानमा, चम्पक इँटाभट्टा भक्तपुरका सयभन्दा बढी मजदुरहरू अखिल नेपाल क्रान्तिकारी निर्माण मजदुर सङ्घको एकाइमा आबद्ध भएका छन्। भक्तपुर चारदोबाटोस्थित इँटाभट्टा निर्माणमा रहेका मजदुरहरू सङ्गठित भएका छन्। भक्तपुरकै बोडेमा निर्माण मजदुरहरू सङ्गठित भई एकाइ निर्माण गरेका छन्। साथै भक्तपुरकै हनुमन्ते खोलाको पर्खाल निर्माणका मजदुरहरूसँग छलफल गरी ६ वटा एकाइ समिति निर्माण गरिएको छ। यातायातअन्तर्गत मध्यउपत्यका रुट नं १ का मिनीबस चालकहरूसँग सम्पर्क गरी एकाइ निर्माणको प्रक्रिया अघि बढाइएको जानकारी प्राप्त भएको छ। विभिन्न क्षेत्रमा काठ, इँट र बालुवा ढुवानीका चालकहरू सङ्गठित भएका छन्। भक्तपुरका विभिन्न रुटमा सञ्चालन हुने काठमाडौँस्थित गोल्डेन बर्ड बोर्डिङ स्कुलका बस चालक तथा सहचालकहरू पनि सङ्गठित भएका छन्। यातायात र निर्माण सङ्घले भक्तपुर जिल्लाको छैटौँ सम्मेलन गर्ने बताइएको छ। मजदुरहरूले वैज्ञानिक समाजवाद स्थापनामा जोड दिनुपर्ने अभियन्ता तथा अभियात्रीहरूले बताएका छन्। हाल मजदुर उपत्यका विशेष ब्युरोको योजनामा अघि बढेको जानकारी अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासङ्घ सचिवालय सदस्य शिशिरले दिएका छन्।यसैगरी ललितपुरमा पनि सङ्गठन विस्तार अभियान चलिरहेको सङ्गठनले जनाएको छ।










निर्देशक : **गुणराज लोहनी**, प्रवन्ध निर्देशक : **भिमप्रसाद चापागाई**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौँ, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ